# अनौपचारिक शिक्षाको मार्गदर्शन सम्वन्धी स्रोत सामग्री
# Resource Materials for Non-Formal Education Guideline
२०७९

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर

# दुई शब्द

अनौपचारिक शिक्षाको क्षेत्र वृहत छ । अनौपचारिक शिक्षालाई साक्षरता र जिवनपर्यन्त शिक्षासँग मात्र सिमित नराखी अबका दिनमा औपचारिक,अनौपचारिक र अनियमित शिक्षाबीच अन्तरसम्वन्ध स्थापित गर्दै अनौपचारिक शिक्षावाट प्राप्त ज्ञान, सीप, दक्षता र योग्यताको समकक्षता, गतिशिलता र पारगम्यता सुनिश्चित गर्दै राष्ट्रिय योग्यता प्रारुपमा आधारित शिक्षा प्रणालीको विकासमा अगाडी बढेको अवस्था छ। साक्षरता, अनौपचारिक शिक्षा र आजीवन सिकाइलाई पेशा एवम् व्यावसाय, सामाजिक जिवन र सहभागिता सँग आवद्ध गर्दै अनौपचारिक, खुला र परम्परागत विद्यालयवाट प्रदान गरिने शिक्षालाई राष्ट्रिय शिक्षा प्रणालीमा आवद्ध गरी औपचारिक विद्यालय शिक्षाको समकक्षी वनाउने नीति रहेको छ । त्यसै गरी आगामी दिनमा खुला शिक्षाको अवसर वढाउनको लागि विद्यालय तथा खुला शिक्षण सस्थाको विकास गर्दै खुला विद्यालय तथा विश्वविद्यालयका विद्यार्थीहरुलाइ लक्षित गरि मुद्रित, मल्टिमिडिया र अनलाइनमा आधारित सिकाइ सामाग्रीको विकास गर्नुपर्ने देखिन्छ।

अनौपचारिक शिक्षालाई व्यवस्थित ढंगवाट सञ्चालन गर्ने उद्देश्यले अनौपचारिक शिक्षा नीति २०६३, अनौपचारिक शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका २०६४, अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ कार्यक्रम कार्यान्वनय पुस्तिका २०७२, साक्षर नेपाल अभियान (२०६९ -२०७२) अवधारणा पत्र, राष्ट्रिय साक्षरता अभियान कार्यक्रम कार्यान्वयन निर्देशिका २०६५, प्रौढहरुका लागि सञ्चालित अनौपचारिक विद्यालय सञ्चालन निर्देशिका २०६५, निर्माण गरी कार्यान्वयन गरियो । राष्ट्रिय नीति २०७६ स्वीकृत पश्चात हाल अनौपचारिक शिक्षा नीति २०६३ खारेज गरिएको छ । कतिपय निर्देशिकाहरुलाई विद्यामान नीति अनुरुप खारेज तथा अद्यावधिक गर्नुपर्ने अवस्था छ । मुलुकमा सङ्घियताको कार्यान्वयन पश्चात अनौपचारिक शिक्षा केन्द्र खारेज भएको र हाल अनौपचारिक शिक्षा केन्द्रले गर्दै आएका कार्यहरु शिक्षा तथा मानवस्रोत विकास केन्द्रको अनौपचारिक तथा वैकल्पिक शिक्षा शाखावाट सम्पादन हुदै आएका छन् । यसै पृष्ठभूमिमा रहेर शिक्षा तथा मानवस्रोत विकास केन्द्रले **युनेस्को काठमाण्डौको आर्थिक तथा प्राविधिक सहयोगमा** अनौपचारिक शिक्षाको मार्गदर्शन सम्वन्धी स्रोत सामग्री तयार गरेको छ । यस सामग्रीमा अनौपचारिक क्षेत्रका कार्यक्रम र भावी रणनीतिहरु समावेश गरिएको छ। जुन भोलिका दिनमा अनौपचारिक शिक्षाको मार्गदर्शन निर्माण गर्ने सन्दर्भमा निकै उपयोगि हुने विश्वास लिएको छु ।

अन्त्यमा, यस सामग्री विकास तथा लेखन कार्यमा सहयोग गर्नहुने पूर्व महानिर्देशक श्री बाबुराम पौडेल र पूर्व उपसचिव डा. आनन्द पौडेल प्रति विशेष धन्यवाद ज्ञापन गर्दछु । त्यसै गरी सामग्री अध्ययन गरी आवश्यक पृष्ठपोषण सहित अन्तिम रुप प्रदान गर्नुहुने उपमहानिर्देशक श्री डिल्लीराम लुइटेल र निर्देशक श्री निलकण्ठ ढकाल प्रति विशेष आभार प्रकट गर्दछु । त्यसैगरी शाखा अधिकृत श्री बैकुण्ठ आचार्य र शाखा अधिकृत श्री बिमला मिश्र प्रति धन्यवाद ज्ञापन गर्दछु । अमुल्य समय र सुझाव प्रदान गर्नुहुने युनेस्को काठमाण्डौका सिनियर एजुकेशन कन्सलटेन्ट डा. ध्रुबराज रेग्मी, युनेस्को काठमाण्डौ शिक्षा विभागका सिनियर प्रोग्राम कोअर्डिनेटर श्री प्रतिभा श्रेष्ठ र कार्यक्रम सहायक श्री शामिन अहमद, सामग्रीको प्रबोधिकरण कार्यक्रममा समन्वय तथा संयोजन गर्ने शैक्षिक स्रोत तथा विकास केन्द्रका कार्यकारी निर्देशक श्री भिमप्रसाद पोखेल लगायत सबैमा धन्यवाद ज्ञापन गर्दछु ।

चूडामणि पौडेल
महानिर्देशक

# विषयसूची

परिच्छेद एक ........ 4

अनौपचारिक तथा वैकल्पिक शिक्षा सम्बन्धी व्यवस्था ........ 4

१परिचय १. ........ 4
१अनौपचारिक तथा वै २.कल्पिक शिक्षाको अवधारणा ........ 5
१अनौपचारिक तथा वैकल्पिक शिक्षाको औचित्य ३. ........ 6
१अनौपचारिक तथा वैकल्पिक शिक्षा सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था ४. ........ 8
परिच्छेद दुई ........ 17

अनौपचारिक तथा वैकल्पिक शिक्षाका कार्यक्रमहरू ........ 17

२.१ साक्षर नेपाल अभियान ........ 17
२.२ निरन्तर शिक्षा ........ 19
२.३ जीवनपर्यन्त शिक्षा ........ 21
२.४ सामुदायिक सिकाइ केन्द्र ........ 27
२.५ अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम ........ 30
२.६ परम्परगत शिक्षा ........ 34
परिच्छेद तीन ........ 38

अनौपचारिक तथा वैकल्पिक शिक्षाको राष्ट्रिय योग्यता प्रारूप ........ 38

३.१ राष्ट्रिय योग्यता प्रारूपको ढाँचा २०७७ ........ 38
३.२ राष्ट्रिय योग्यता प्रारूप २०७७ अनौपचारिक तहः— ........ 40
३सिकाइ क्षेत्र र तहगत सक्षमता ३. ........ 40
३.४ राष्ट्रिय योग्यता प्रारूप कार्यान्वयन सम्बन्धी विस्तृत प्रतिवेदन २०७८: ........ 43
३.५ योग्यता प्रारूप तह ३ अनुसार अनौपचारिक तर्फका सिकाइ सामग्रीः— ........ 45
३.६ योग्यता प्रारूप तह ४ सिकाइ सक्षमताः— ........ 46
परिच्छेद- चार ........ 47

अनौपचारिक तथा वैकल्पिक शिक्षा व्यवस्थापन समस्या तथा भावी कार्य दिशा ........ 47

४.१ समस्याहरू....47
४.२ अनौपचारिक तथा वैकल्पिक शिक्षा सञ्चालन तथा व्यवस्थापनका नीतिगत आधारहरु ....48
४.३ वैकल्पिक विद्यालय शिक्षण सिकाइ रणनीति....50
४.४ सिकाइ विधि तथा प्रक्रिया....51
(क) प्रत्यक्ष कक्षा सञ्चालनः....51
(ख) दूर तथा खुला सिकाइः....51
(ग) इ लर्निङः....51
(घ) स्वअध्ययनः....51
(ङ) अवलोकनः....51
(च) घटना अध्ययन तथा अनुभव आदनप्रदानः....52
(छ) तालिमबाट सिकाइः....52
(ज) सिर्जनात्मक अभ्यासः....52
(झ) सामाजिक वहस तथा अन्तर्क्रियाः....52
(ञ) दैनिक जीवनमा आधारित....52
)ट (घरमा आधारित सिकाइ....52
(झ) विशिष्टीकृत अनुभव....52
४.५ वैकल्पिक तथा अनौपचारिक शिक्षाको सिकाइ व्यवस्थापन....53
४.६ अनौपचारिक तथा वैकल्पिक शिक्षा सञ्चालन सम्बन्धी व्यवस्थाः....54
४.८ अनौपचारिक तथा वैकल्पिक शिक्षा पाठ्यक्रम तथा सिकाई सामग्री....56
४.९ अनौपचारिक तथा वैकल्पिक शिक्षा सञ्चालन समय तथा कार्यतालिका....57
४.१० अनौपचारिक तथा वैकल्पिक शिक्षा लागि जनशक्ति व्यवस्थापन....58
४.११ वैकल्पिक विद्यालयमा हुने सिकाईको मूल्याङ्कन....58
४.१० सुपरिवेक्षण तथा अनुगमन....60
४.११ अनौपचारिक तथा वैकल्पिक शिक्षाको भावी कार्यदिशा....61
परिच्छेद पाँच.... 67
अनौपचारिक तथा वैकल्पिक शिक्षा सञ्चालन व्यवस्थापनमा विभिन्न तह र निकायको जिम्मेवारी.... 67
५परिचय .१.....67
५अनौपचारिक तथा वैकल्पिक शिक्षा सञ्चालन व्यवस्थापनमा तहगत नि.२.कायको जिम्मेवारी....67

# परिच्छेद एक

# अनौपचारिक तथा वैकल्पिक शिक्षा सम्बन्धी व्यवस्था

## १.१ परिचय

संसारका सवै मुलुकहरुले आफ्ना देशका सबै नागरिकहरुलाई आधारभूत शिक्षाका अवसरहरु सुनिश्चित गराउन राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा प्रतिवद्धता गरेका छन् । तर विद्यालय उमेर समूहका धेरै बालबालिकाहरू विभिन्न कारणले विद्यालय बाहिर रहेको अवस्था विद्यमान छ ।यसैगरी विद्यालय शिक्षा पूरा नगरी बीचैमा प्रणालीवाट बाहिरिएका किशोर किशोरी र युवाहरूको संख्या पनि ठूलो रहेको छ । त्यसैगरी नियमित विद्यालयमा समायोजित हुन नसकेका र. सिकाइ स्तर न्यून भएका कारण बीचैमा विद्यालय शिक्षा छाड्ने जोखिममा रहेका सबैलाई सर्वसुलभरूपमा विद्यालय शिक्षा प्राप्तिको अवसर सुनिश्चित गराउने विशेष प्रयत्न स्वरुप बिसौं शताब्दीको अन्तिम दशकदेखि विश्वव्यापीरूपमा बैकल्पिक शैक्षिक कार्यक्रमहरु संचालन हुदै आएका छन् । औपचारिक शिक्षामा समाहित हुन नसकेका समूहलाई समाहित गर्न र औपचारिक शिक्षा पूरा नगरी बीचैमा विद्यालय छाडेका समूहलाई पुनः शैक्षिक अवसर प्रदान गर्न औपचारिक शिक्षाको भरपर्दो वैकल्पिक व्यवस्था हुन जरुरी छ ।

नेपालमा अनौपचारिक तथा वैकल्पिक शिक्षाको प्रारम्भ विस २००४ साल देखि भएको पाइन्छ ।यसको प्रारम्भ आधारभूत साक्षरता कार्यक्रमका नामबाट भएको हो । पछि विस २०१३ सालमा यसलाई प्रौढ शिक्षाका रूपमा अनौपचारिक शिक्षाको व्यवस्था कार्यान्वयनमा आएको पाइन्छ । विस २०१३ देखि २०२८ पूर्व यही प्रौढ शिक्षाले निरन्तरता पाएको र विस २०२८ मा नयाँशिक्षा पद्दतिको योजना लागूभए पश्चात् भने प्राथिमक तहको शिक्षाको उद्देश्यमा नै साक्षर बनाउने थप भएको अवस्था हो । यस योजनाले साक्षरता फैलाउने अभिप्रायका साथ साक्षरता शिक्षा र कार्यमूलक प्रौढ साक्षरता कार्यक्रम कार्यान्वयनमा ल्याएको थियो । प्रजातन्त्रको पुनःस्थापना पछि गठित राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले साक्षरता अभियानलाई थप प्रभावकारी र विस्तार गर्ने उद्देश्यका साथ नियमित कोषका अतिरिक्त साक्षरता

कोषको प्रवन्ध गर्न सुझावसमेत दिएको थियो । त्यसै गरी सस्थागत र सरचनागत सुधारका लागि केन्द्रिय तहमा रहेको प्रौढ शिक्षा शाखालाई अनौपचारिक शिक्षा महाशाखामा रुपान्तरण गर्न सुझाव दिएको र सोही अनुसारको सरचना तयार भइ अनौपचारिक शिक्षाको विस्तार गरिएको थियो । विस २०५६ मा अनौपचारिक शिक्षा तथा बैकल्पिक शिक्षाको विकास तथा विस्तारका लागि अनौपचारिक शिक्षा केन्द्रको स्थापना गरी यसलाई बढी सस्थागत गरियो । केन्द्रको स्थापना पश्चात अनौपचारिक शिक्षा अन्तरगत आधारभूत प्रौढ साक्षरता, निरन्तर शिक्षा, जीवनपर्यन्त शिक्षा, सामुदायिक सिकाइ केन्द्र, अनौपचारिक प्रौढ विद्यालय र वैकल्पिक विद्यालय जस्ता कार्यक्रमहरू सञ्चालन गरी अनौपचारिक शिक्षाको दायरालाई थप फराकिलो वनाइयो । विस २०४५, २०६५ र २९६९ मा गरी तिन चरणमा सातवर्षका अभियानका रूपमा प्रौढ साक्षरताका कार्यक्रमहरू पनि सञ्चालन गरिए । विस २०७० सालबाट साक्षर जिल्ला घोषणा अभियान ल्याइयो । विस २०७१ र ०७२लाई निरक्षरता उन्मुलन वर्षकारूपमा पनि मनाउने कार्य भएको थियो ।

औपचारिक शिक्षाको पुरक प्रणालीको रुपमा अनौपचारिक तथा वैकल्पिक शिक्षाको प्रबन्ध विभिन्न मुलुकहरूमा भिन्न भिन्न स्वरूपमा अभ्यास हुँदै आएका छन् । यसरी सञ्चालन हुने वैकल्पिक शिक्षाका उद्देश्य, संरचना, व्यवस्थापन स्वरूप र नाम देश अनुसार विभिन्न रहेका छन् । नेपालमा पनि सबैका लागि शिक्षा सर्वसुलभ प्राप्तिको सुनिश्चितता गराउने रणनीति स्वरूप वि.सं. २०६० को दशकदेखि विभिन्न प्रकारका विद्यालय शिक्षामा आवद्ध गरी कक्षा १-१० सम्म समकक्षता हुने गरी अनौपचारिक तथा वैकल्पिक शिक्षाको प्रवन्ध हुँदै आएको छ ।

## १.२ अनौपचारिक तथा वैकल्पिक शिक्षाको अवधारणा

औपचारिक विद्यालयका लक्षित समूहभन्दा भिन्न उमेर समूह, भिन्न शैक्षिक पृष्ठभूमि, विशिष्ट साँस्कृतिक, सामाजिक तथा आर्थिक परिवेशका कारण विद्यालय उमेर समूहका वालवालिकाहरू औपचारिक शिक्षामा नियमित हुन सकेको अवस्था छैन । विद्यालय शिक्षामा समाहित हुन नसकेका भिन्न सिकाइ स्तर र गति भएका सवै बालबालिकाहरू शिक्षा प्राप्त गर्ने इच्छा हुँदाहुँदै पनि औपचारिक शिक्षा पुरा गर्न सकेका

छैनन् । अनौपचारिक शिक्षा प्राप्त गर्न चाहने यस्ता बालबालिकाहरूका लागि उनीहरूको अनुकूल समय तालिकामा सिकाइ गति र स्तर अनुकूलको सिकाइ विधि र क्रियाकलापका माध्यमद्वारा प्रदान गरिने शैक्षिक प्रबन्धलाई सामान्यतया वैकल्पिक शिक्षा भन्ने गरिन्छ । यस्तो शैक्षिक प्रबन्ध नियमित विद्यालयभन्दा प्रायः भिन्न संरचना र भिन्न व्यवस्थापनमा सञ्चालन हुने गर्छन् । वैकल्पिक शिक्षामा सहभागीहरूले आफ्नो स्तर अनुसारको उपयुक्त सिकाइ तहमा अनुकूल समयमा प्रवेश गर्ने, अनुकूल समय तालिकामा स्वअध्ययन तथा अन्य सहजीकरण सहयोग प्राप्त हुने र आफ्नै गति अनुसार सिकाइ हासिल गरी निर्धारित सिकाइ तह पूरा गर्ने अवसर प्राप्त गर्दछन् ।

अनौपचारिक तथा वैकल्पिक शिक्षामा सक्षमता, विषयवस्तु, सहजीकरण , सीप तथा कला मूल्याङ्कन आदिको लचिलो व्यवस्था हुन्छ । सिकाइ क्रियाकलाप र सिकाइ मूल्याङ्कन विधि नियमित विद्यालयभन्दा भिन्न हुने गर्दछ । सिकारूको सिकाइ गति र स्तरअनुसार सिकाइ क्रियाकलापलाई थप लचिलो बनाउन सकिन्छ । सहभागी समूह, कक्षागत नभई सिकाइका तहगत रूपमा निर्धारण गरिन्छ । नियमित विद्यालयभन्दा तुलनात्मक रूपमा कम समयावधिमा निर्धारित तह पूरा गर्न सक्ने गरी पाठ्यक्रम, सिकाइ सामग्री आदिको प्रबन्ध गरिएको हुन्छ ।

## १.३ अनौपचारिक तथा वैकल्पिक शिक्षाको औचित्य

नेपालमा भौगोलिक विविधता सामाजिक तथा आर्थिक अवस्था विद्यालय शिक्षा प्रतिको सचेतना आदिका कारण औपचारिक शिक्षा प्राप्त गर्न नसक्ने विद्यालय उमेर समूहका वालवालिकाहरूको संख्या अधिक नै रहेको छ । विद्यालय शिक्षा प्राप्त गर्ने जनसंख्या कम भएका दुर्गम तथा पातला वस्तीमा औपचारिक विद्यालयको व्यवस्था हुन नस्क्दा विद्यालय शिक्षाको अवसरवाट वञ्चित हुने स्थितिमा अनौपचारिक तथा वैकल्पिक शिक्षाको प्रबन्धलाई उपयुक्त ठानिन्छ । विद्यालय समयमा काममा संलग्न हुनुपर्ने, नियमित विद्यालयको शैक्षणिक संरचना स्वरूप अनुकूल हुन नसकी विद्यालय शिक्षाबाट वञ्चित हुने, विद्यालय शिक्षा बिचैमा छाडेका वा छोड्न सक्ने जोखिममा रहेका र अपेक्षित सिकाइ स्तर कायम हुन नसकी विद्यालय

शिक्षामा निरन्तरता दिन नसकेका बालबालिकालाई शैक्षिक अवसर प्रदान गर्न अनिवार्य हुन्छ । यसप्रकारको प्रबन्धबाट औपचारिक विद्यालय शिक्षामा उक्त बालबालिकाहरूलाई शिक्षाको मूलप्रवाहमा समाहित गरी विद्यालय शिक्षा प्राप्तिको अवसर सुनिश्चित गराउन नियमित विद्यालयका अतिरिक्त र समानान्तर रूपमा लचिलो ढाँचाको शैक्षणिक प्रबन्धका लागि वैकल्पिक विद्यालय सञ्चालन तथा व्यवस्थापन गर्नु उपयुक्त हुन्छ ।

नेपाल सरकारले औपचारिक, अनौपचारिक, अरितिक (जिवन्त अनुभव) प्रणालीका आधारमा हुने सिकाईलाई परीक्षण तथा प्रमाणिकरण गर्न र औपचारिक शिक्षाको अवसवरबाट बञ्चित व्यक्तिहरूलाई शैक्षिक अवसर प्रदान गर्न राष्ट्रिय योग्यता प्रारूपको व्यवस्था गरेको छ । यसले समग्र शिक्षालाई ८ तहमा विभाजन गरेको अवस्था छ । यसै गरि अनौपचारिक तथा वैकल्पिक माध्यमबाट भएको सिकाइलाई परीक्षण तथा प्रमाणिकरण गरी औपचारिक शिक्षा सरहको समकक्षता तथा मान्यता प्रदान गर्ने व्यवस्था प्रारूपमा रहेको छ । यसलाई कार्यान्वयन गर्न शिक्षा तथा मानव स्रोत बिकास केन्द्रले राष्ट्रिय योग्यता प्रारूप (अनौपचारिक शिक्षा) २०७७ तयार गरी कार्यान्वयनमा ल्याएको अवस्था छ । प्रारूप कार्यान्वयनका लागी अनौपचारिक शिक्षा तह १-३ का सिकाइ सामग्रीहरू विकास गरी परीक्षणमा समेत लगिएको छ । यसलाई थप व्यवस्थित गरी प्रभावकारी रुपमा संचालन तथा व्यवस्थापन गर्न स्थानीय सरकार, सामुदायिक विद्यालय, सामुदायिक सिकाई केन्द्र लगायतका संस्था र संलग्न व्यक्तिहरूको सक्षमता बिकास गर्न अत्यावश्यक हुन आएको छ । यसका लागि अनौपचारिक तथा वैकल्पिक शिक्षाको कार्यढाँचा विकास गरी कार्यान्वयनमा ल्याउने कार्य जरुरी देखिएको छ ।

अनौपचारिक तथा बैकल्पिक शक्षाको कार्यढाँचाका थप औचित्यहरू देहाय बमोजिम रहेका छनः

- भौगोलिक दूरी र सामाजिक आर्थिक कारणले नियमित विद्यालय शिक्षामा पहुँच पुग्न नसक्ने समूहलाई वैकल्पिक शैक्षणिक प्रबन्ध मार्फत विद्यालय शिक्षा प्राप्तिको अवसर सुनिश्चित गर्ने।
- कामसँगै शिक्षा हासिल गर्नुपर्ने समूहलाई अनुकूल समयमा विद्यालय शिक्षा प्राप्त गर्ने अवसर सर्वसुलभ गर्न ।

- विभिन्न कारणले विगतमा बिचैमा कक्षा छाडेका कारण विद्यालय तह पूरा गर्न नसकेका बालबालिकाहरूलाई पुनः औपचारिक शिक्षाको निरन्तरता दिन उनिहरूको अनुकुलता अनुसार शैक्षिक प्रवन्ध गर्न ।
- राष्ट्रिय योग्यता प्रारूपले तय गरेको अनौपचारिक शिक्षा तह ४ सम्मको ज्ञान सीप तथा अभिवृत्तिको परीक्षण तथा प्रमाणिकरण लागी स्थानिय सरकार, सामुदायिक विद्यालय र सामुदायिक सिकाई केन्द्रलाई सशक्तिकरण गर्न ।
- अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५, अनिवार्य तथा निशुल्क शिक्षा नियमावली २०७७, राष्ट्रिय शिक्षा नीति २०७६, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले अनौपचारिक तथा वैकल्पिक शिक्षालाई थप व्यवस्थित गर्ने गरी तयार भएको कानुनी तथा नीतिगत व्यवस्थालाई व्यावहारिक रुपमा कार्यान्यन गर्न
- सबैका लागि विद्यालय शिक्षा, निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसर सुनिश्चित गर्न।

## १.४ अनौपचारिक तथा वैकल्पिक शिक्षा सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था

अनौपचारिक तथा वैकल्पिक शिक्षाका सम्बन्धमा नेपाल सरकारले विभिन्न ऐन कानुन, योजना, नीति र निर्देशिकाहरुले नीतिगत व्यवस्था गरेको अवस्था छ । यस विषयमा भएका नीतिगत एवं कानुनी व्यवस्थाहरू देहायबमोजिम रहेका छन् ।

### क) नेपालको संविधान २०७२

- नेपालको संविधानको धारा ६ मा नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुन् भनी उल्लेख गरिएको छ ।
- नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हकअन्तर्गत संविधानले आधारभूत शिक्षामा पहुँचको हक, आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक प्रत्याभूति गरेको छ । त्यसैगरी अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने र प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृ भाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक प्रदान गरेको छ ।

- नेपाल संविधान धारा ३२ मा भाषा तथा संस्कृतिको हकअन्तर्गत नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली सामुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुने छ ।
- त्यसै गरी धारा ४२ मा सामाजिक न्यायको हकअन्तर्गत आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेसी, थारू मुस्लिम, पिछडावर्ग, अल्पसङ्ख्यक सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस, आर्यलाई समानुपातिक र समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुने छ।
- धारा ५१ मा राज्यका नीतिहरू अन्तर्गत नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिमा शिक्षालाई वैज्ञानिक, प्राविधिक व्यावसायिक, अनुसन्धानात्मक तथा रोजगारमूलक बनाउँदै शिक्षामा राज्यको लगानी अभिवृद्धि गर्दै निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक वनाइने छ ।

**ख राष्ट्रिय शिक्षा नीति २०७६**

राष्ट्रिय शिक्षा नीति २०७६ ले अनौपचारिक शिक्षाका सम्बन्धमा निम्न व्यवस्था गरेको छः

- औपचारिक, अनौपचारिक र अरितिक शिक्षा बीच अन्तरसम्वन्ध स्थापित गरी योग्यताको समकक्षता, गतिशिलता र पारगम्यता सुनिश्चित गर्दै राष्ट्रिय योग्यता प्रारूपमा आधारित शिक्षा प्रणालीको विकास गर्ने
- साक्षरता, अनौपचारिक शिक्षा र आजीवन सिकाइलाई पेशा एवम् व्यवसाय, सामाजिक जीवन र सहभागितासँग आवद्ध गर्ने ।
- औपचारिक तथा अनौपचारिक रूपमा प्राप्त गरेको सीपको परीक्षण र प्रमाणिकरण गर्ने व्यवस्था मिलाउने
- अनौपचारिक, खुला र परम्परागत विद्यालयवाट प्रदान गरिने शिक्षालाइ राष्ट्रिय शिक्षा प्रणालीमा आवध्द गरी औपचारिक विद्यालयको शिक्षाको समकक्षी वनाउने ।
- अनौपचारिक, खुला र परम्परागत विद्यालयबाट प्रदान गरिने शिक्षालाई राष्ट्रिय शिक्षा प्रणालीमा आबद्ध गरी औपचारिक विद्यालय शिक्षाको समकक्षी बनाउने (१०.२७) जसका लागिः

- धार्मिक प्रकृतिका परम्परागत विद्यालयहरूको नियमन र सहजीकरणका लागि गुरूकुल शिक्षा बोर्ड,मदरसा शिक्षा बोर्ड र गुम्बा शिक्षा बोर्ड गठन गर्न सकिनेछ (१०.२७.४)।
- परम्परागत शिक्षा सम्बन्धी बोर्डले सम्बन्धित संस्थाको मूलप्रवाहीकरण र गुण स्तरीयताका लागि सबै तहका शिक्षाको मापदण्ड निर्धारण, पाठ्यक्रम निर्माण र परिमार्जन, ब्रिज कोर्स र समकक्षता निर्धारण लगायत समन्वय र सहजीकरण गर्ने व्यवस्था मिलाईनेछ (१०.२७.५)।

**ग शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९**

- शिक्षा ऐनमा समावेशी शिक्षाको परिभाषा अन्तर्गत सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिहरूलाई विभेदरहित वातावरणमा शिक्षा दिने कुरा उल्लेख गरिएको छ ।
- दूर शिक्षा, विशेष शिक्षा र समावेशी शिक्षाको सञ्चालन पनि साधारण शिक्षासरह हुने र परम्परागत प्रकृतिका विद्यालयहरूबाट दिइने शिक्षा पनि साधारण शिक्षासरह हुने र यस्तो शिक्षालाई पनि राष्ट्रिय मूल धारमा समाहित हुने कुरामा जोड दिइएको छ ।
- त्यसै गरी शिक्षाको माध्यम नेपाली भाषा, अङ्ग्रेजी भाषा वा दुबै हुने र भाषा विषय अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुने कुरा उल्लेख गरिएको छ ।

**घ अनिवार्य तथा निःशूल्क शिक्षासम्बन्धी ऐन, २०७५**

आम नागरिकको शिक्षा पाउने अधिकारको सुनिश्चित गर्ने र सवैका लागि शिक्षाको समान अवसर प्रदानगर्ने उद्देश्यका साथ नेपाल सरकारले अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ जारी गरी कार्यान्वयनमा ल्याएको छ । यसले गरेका मुख्य मुख्य व्यवस्थाहरू निम्नबमोजिम रहेका छनः

- शिक्षा प्राप्त गर्ने सबैको अधिकार सुनिश्चत गर्ने ।
- निरक्षर नागरिकलाई तोकिए वमोजिमको साक्षर हुने अधिकार सुनिश्चत गर्ने ।
- अनौपचारिक तथा खुला शिक्षा प्रदान गर्न सक्ने
- विद्यालयमा भर्ना भै नियमित रूपमा अध्ययन गर्न नसक्ने वालवालिकाहरूलाई माध्यमिक तह सम्मको शिक्षा अनौपचारिक वा खुला विद्यालयवाट प्रदान गर्न सकिनेछ ।

- नेपाल सरकारले स्थानीय तह मार्फत माध्यमिक शिक्षा प्रदान गर्नका लागि आवश्यकताको आधारमा अनौपचारिक र खुला विद्यालय स्थापना एवम् सञ्चालन गर्न पाउने ।
- शिक्षा प्रदान गर्ने राज्यको दायित्व पूरा गर्ने ।

अनिवार्य तथा निशुल्क शिक्षा ऐन को दफा १६ मा परम्परागत शिक्षा प्रदान गर्न सकिने व्यवस्था रहेको, जसअनुसार

क) परम्परादेखि चलिआएका शिक्षा सम्बन्धी मूल्य, मान्यता, संस्कृति, रीतिरिवाज र अभ्यासको संरक्षण र जगेर्ना गर्न र त्यसलाई समयसापेक्ष परिमार्जन गरी निरन्तरता दिन गुरूकुल, गुम्बा वा मदरसा जस्ता संस्था सञ्चालन गरी बालबालिकाहरूलाई शिक्षा प्रदान गर्न सकिने छ ।

ख) परम्परागत रूपमा शिक्षा प्रदान गर्नका लागी सञ्चालन गरिने गुरूकुल, गुम्बा र मदरसा सम्बन्धित स्थानीय तहमा दर्ता गर्नुपर्ने छ

ग) त्यसरी दर्ता भई सञ्चालन हुने गुरूकुल, गुम्बा र मदरसाले बालबालिकाहरूलाई शिक्षा प्रदान गर्दा स्थानीय तहले कानुनबमोजिम निर्धारण गरेको र तोकिएको अन्य सर्त तथा मापदण्ड पालना गर्नुपर्ने छ ।

घ) गुरूकुल, गुम्बा र मदरसा जस्ता शैक्षिक संस्थाले प्रदान गर्ने शिक्षाका अतिरिक्त नेपाल सरकारले निर्धारण गरेको पाठ्यक्रम बमोजिमको शिक्षा प्रदान गर्नुपर्ने छ ।

**ङ) अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली, २०७७**

- परम्परागत शिक्षा सञ्चालन गर्ने संस्थाले राष्ट्रिय पाठयक्रम प्रारूपको आधारमा तयार पारिएको पाठ्यक्रम, पाठ्यपुस्तक र सन्दर्भ सामग्रीको प्रयोग गर्नुपर्ने छ ।
- परम्परागत शिक्षा सञ्चालन गर्ने संस्थाले शिक्षा, विज्ञान र प्रविधि मन्त्रालयले स्वीकृत गरेको मापदण्डबमोजिमको शिक्षण सिकाईमा सहजीकरणको व्यवस्था गर्नुपर्ने छ ।
- परम्परागत सिकाइलाई प्रभावकारी बनाउन सम्बन्धित स्थानीय तहले त्यस्तो संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुने छ ।

### च) पन्ध्रौं योजना

- सबै बालबालिकाहरूलाई प्रारम्भिक बाल शिक्षाको अनुभव सहित आधारभुत शिक्षा अनिवार्य र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउने उद्देश्य रहेको छ ।
- परम्परागत र स्थानीय ज्ञान, सीप र प्रविधिको संवर्धन र संरक्षण गर्दै वैज्ञानिक खोज र अनुसन्धानबाट प्रतिपादित नवीनतम प्रविधिलाई मुलुकको समग्र विकास प्रक्रियामा उपयोग गर्ने रणनिति रहेको छ ।
- सिकाइका सवै विधि र मार्गहरू खुला गर्दै राष्टिय योग्यता प्रणालीको माध्यमवाट साधारण शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका गतिशिलता र पारगम्यताको सिद्दान्तका आधारमा शिक्षा, तालिम, सिप र सिकाइको योग्यता निर्धारण गर्ने ।
- औपचारिक, अनाौपचारिक र अरितिक माध्यमवाट सिकाइ सुनिश्चित गर्ने गरी सिकाइ सवै विधि र मार्गहरु खुला गर्न राष्ट्रिय योग्यता प्रणाली विकास गरी अनौपचारिक क्षेत्रमा विद्यमान सिपहरुको अभिलेखीकरण, सिप परीक्षणा र प्रमाणीकरणका लागि कार्यविधि, प्रक्रिया, र सयन्त्रहरुलाई सृदृढ गरिनेछ ।
- पठन संस्कृतिको विकास तथा जिवनपर्यन्त शिक्षाका लागि सार्वजनिक पुस्तकालय प्रणालीको विकास गरी प्रदेश र स्थानीय तहमा आधारभुत सुविधा सहितको पुस्तकालय र विधुतीय पुस्तकालय सेवा विस्तार गर्ने व्यवस्था मिलाइनेछ ।

### छ) विद्यालय क्षेत्र विकास कार्यक्रम

- आधारभूत तथा माध्यमिक तहको उमेर समूहका सबै बालबालिकाका लागि गुणात्मक शिक्षामा पहुँच सुनिश्चित गर्ने।
- वैकल्पिक तथा लचिला मोडका शिक्षा कार्यक्रम मार्फत औपचारिक शिक्षालाई सहयोग पुयाउने।
- गुरूकुल, गुम्बा र मदरसा जस्ता परम्परागत विद्यालय लगायतका सबै विद्यालयहरूमा गुणस्तरका न्यूनतम मापदण्ड सिकाइ उपलब्धि हासिल गराउन अनुगमन प्रणालीलाई सुदृढ गराउने ।

- परम्परागत विद्यालयहरूमा गुणस्तरीय सिकाइ वातावरण स्थापना गराउनकालागि विभिन्न किसिमका अनुदानहरू जस्तै परम्परागत विद्यालय सञ्चालन अनुदान, परम्परागत विद्यालयका आधारभूत तहका शिक्षकहरूका लागि तालिम, निःशुल्क पाठ्यपुस्तकको व्यवस्था गर्ने ।

**ज) राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६**

- परम्परागत शैक्षिक पद्धति गुरूकुल, गुम्बा, मदरसा, मुन्धुम आदिलाई शिक्षाको मूल प्रवाहमा ल्याई वैकल्पिक शिक्षालाई थप व्यवस्थित गरिने छ ।
- आधारभूत तह र माध्यमिक तहमा परम्परागत शिक्षातर्फको पाठ्यक्रम निर्माण गरिने छ ।
- सक्षमतामा आधारित पाठ्यक्रमको विकास, बाल केन्द्रित विकासात्मक पद्धतिअनुरूप पाठ्यक्रम, एकीकृत सिद्धान्तको आधारमा पाठ्यक्रम निर्माण, समावेशी सिद्धान्त, स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम, सूचना तथा सञ्चार प्रविधिमा आधारित पाठ्यक्रम विकास गरिने छ ।
- राष्टिय पाठ्यक्रम प्रारूपको औचित्यको रूपमा विद्यार्थी मुल्यांकंन, प्रमाणीकरण, समकक्षता तथा राष्टिय योग्यता प्रारूप सम्वन्धी कार्यहरूलाई व्यवस्थित र प्रभाकारी बनाउनु
- राष्टिय पाठ्क्रम प्रारूप र राष्टिय योग्यता प्रारूप बीच सामन्जस्यता कायम गरिनेछ ।
- औपचारिक शिक्षामा प्रवेश गर्न चाहने विद्यार्थीलाइ उपयुक्त मूल्यांकन प्रक्रियावाट राष्टिय शिक्षाको मुलधारमा ल्याउन राष्टिय योग्यता प्रारूपले व्यस्था गरे अनुसार योग्यता परीक्षण गरिनेछ ।
- परम्परागत शैक्षिक पद्धति गुरूकुल, गुम्बा, मदरसा, मुन्धुम आदिलाई शिक्षाको मूल प्रवाहमा ल्याई वैकल्पिक शिक्षालाई थप व्यवस्थित गरिने छ ।
- आधारभूत तह र माध्यमिक तहमा परम्परागत शिक्षातर्फको पाठ्यक्रम निर्माण गरिने छ ।
- सक्षमतामा आधारित पाठ्यक्रमको विकास, बाल केन्द्रित विकासात्मक पद्धतिअनुरूप पाठ्यक्रम, एकीकृत सिद्धान्तको आधारमा पाठ्यक्रम निर्माण, समावेशी सिद्धान्त, स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम, सूचना तथा सञ्चार प्रविधिमा आधारित पाठ्यक्रम विकास गरिने छ ।

**झ) विद्यालय क्षेत्र विकास कार्यक्रम**

- राष्ट्रिय योग्यता प्रारूप र राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपको विकास तथा कार्यान्वयन गर्ने ।
- औपचारिक शिक्षावाट हासिल योग्यताहरूको राष्ट्रिय योग्यता प्रारूपमा प्रतिविम्वन गर्ने ।
- युवा तथा प्रौढहरुमा कार्यमुलक साक्षरताको अभिवृद्धि गर्नु र पढ्ने वानीको विकास गराउनु मुख्य लक्ष्यको रुपमा लिएको ।
- वैकल्पिक तथा लचिला मोडका शिक्षा कार्यक्रम मार्फत औपचारिक शिक्षालाई सहयोग पुर्‍याउने।
- गुरूकुल, गुम्बा र मदरसा जस्ता परम्परागत विद्यालय लगायतका सबै विद्यालयहरूमा गुणस्तरका न्यूनतम मापदण्ड सिकाइ उपलब्धि हासिल गराउन अनुगमन प्रणालीलाई सुदृढ गराउने ।
- परम्परागत विद्यालयहरूमा गुणस्तरीय सिकाइ वातावरण स्थापना गराउनकालागि विभिन्न किसिमका अनुदानहरू जस्तै परम्परागत विद्यालय सञ्चालन अनुदान, परम्परागत विद्यालयका आधारभूत तहका शिक्षकहरूका लागि तालिम, निःशुल्क पाठ्यपुस्तकको व्यवस्था गर्ने ।
- साक्षरता र जिवनपर्यन्त सिकाइका लागी प्रमुख संयन्त्रको रुपमा सामुदायिक सिकाइ केन्द्रहरूलाई लिएको ।

**ञ) विद्यालय शिक्षा क्षेत्र योजना २०२१- २०३०**

विद्यालय शिक्षा क्षेत्र योजनाले अनौपचारिक तथा वैकल्पिक शिक्षाका बारेमा निम्न उद्देश्यहरू तय गरेको अवस्था छ

- नेपाललाई साक्षर मुलुकका रूपमा विकास गर्नु ।
- सबै नागरिकलाई समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु ।
- औपचारिक, अनौपचारिक अतिरिक्त शिक्षाका बिच अन्तरसम्बन्ध स्थापित गरी योग्यताको समकक्षता गतिशीलता र पारगयता सुनिश्चित गर्दै राष्ट्रिय योग्यता प्रारूपमा आधारित शिक्षा पद्धतिको विकास गर्नु ।
- आजीवन सिकाइ संस्कृति सापेक्ष अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि एकिकृत प्रणालीमा आधारित संस्थागत सुदृढीकरण गर्नु।

उपर्युक्त उद्देश्यहरू प्राप्तिका लागिः

- अन्तर मन्त्रालय बिच सम्बन्ध र सहकार्य गर्ने ।
- स्थानीय तहको संयोजनमा सामुदायिक सिकाइको, विद्यालय विकास साझेदार नागरिक समाज सबैको परिचालन गर्ने ।
- आधुनिक सूचना सञ्चार तथा प्रविधिको प्रयोगगरी सहभागी मैत्री सामाग्री र विधिको प्रयोग गर्ने र अनौपचारिक शिक्षामा पहुँच वृद्धी गर्ने ।
- सामुदायिक सिकाई केन्द्रलाई सुदिृढीकरण गरी सामुदायिक सिकाइ केन्द्रमा आधारित अनौपचारिक शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्ने ।
- विभिन्न भाषामा डिजिटल सिकाइ सामग्रीहरू विकास गर्ने ।
- राष्ट्रिय योजना कार्ययोजनाका लागि एकीकृत प्रणालीको विकास गर्ने ।
- सामुदायिक सिकाइ केन्द्रलाई समावेशी एवम समतामा आधारित सिकाई हवका रूपमा विकसित गर्ने जस्ता रणनीतिहरू कार्यान्वयन गरी अनौपचारिक तथा वैकल्पिक शिक्षाको व्यवस्थापनलाई व्यवस्थित गर्न विद्यालय शिक्षा क्षेत्र योजना २०७८ ले जोड दिएको अवस्था छ ।

**ट) स्थानीय सरकार सञ्चालन ऐन, २०७४**

आधारभूत र माध्यमिकशिक्षा

(१) प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुलातथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन,

(२) सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापनतथानियमन,

(३) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्यांकन र नियमन,

(४) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,

(५) गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,

(६) गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,

(७) विद्यालय व्यवस्थापन समिति गठन तथ ाव्यवस्थापन,

(८) विद्यालयको नामाकरण,

(९) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,

(१०) विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,

(११) सामुदायिक विद्यालयको शिक्षक तथ ाकर्मचारीको दरबन्दी मिलान,

(१२) विद्यालयको नक्साकंन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,

(१३) सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,

(१४) आधारभूततहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,

(१५) विद्यार्थी सिकाई उपलब्धीको परीक्षण र व्यवस्थापन,

(१६) निःशुल्कशिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,

(१७) ट्यूसन, कोचिङ जस्ता विद्यालयबाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,

(१८) स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवद्र्धन र स्तरीकरण,

(१९) स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,

(२०) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,

(२१) सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आयव्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,

(२२) शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास,

(२३) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई माध्यमिक शिक्षा सम्मको सञ्चालन तथा व्यवस्थापनको पूर्ण जिम्मेवारी प्रदान गरेको छ । संघ तथा प्रदेश सरकारबाट प्राप्त मापदण्ड नीति तथा कार्यढाँचाका आधारमा स्थानीय आवश्यकतालाई समेत सम्बोधन गर्ने गरी शैक्षिक योजना तथा कार्यक्रमहरू विकास तथा कार्यान्वयन गर्न सक्ने कानूनी प्रावधान रहे अनुसार कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । यस परिप्रेक्षमा अनोपचारिक तथा वैकल्पिक शिक्षालाई पनि सन् २०३० सम्म पूर्ण साक्षर हुने तथा युवाहरूले निरन्तर रूपमा जीवनपर्यन्त सिकाइ तथा जीवनोपयोगी सिप विकास हुने गरी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न अत्यावश्यक हुन आएको छ ।

# परिच्छेद दुई

# अनौपचारिक तथा वैकल्पिक शिक्षाका कार्यक्रमहरू

यस परिच्छेदमा अनौपचारिक शिक्षाका सन्दर्भमा हाल कार्यान्वयनमा रहेका अनौपचारिक तथा वैकल्पिक शिक्षाका विभिन्न अभ्यासहरूका बारेमा सक्षिप्त उल्लेख गरिएको छ ।

## २.१ साक्षर नेपाल अभियान

नेपालले साक्षरता अभियान मार्फत सवै नागरिकलाई साक्षर बनाउने उद्धेश्यका साथ विभिन्न समयमा साक्षरता कार्यक्रम र अभियानहरु संचालन गर्दै आएको छ । यसै सन्दर्भमा पछिल्लो प्रयासका रुपमा साक्षर नेपाल अभियान कार्यान्वयनमा ल्याइएको हो । विशेष गरी १५ देखि ६० वर्षका निरक्षर व्यक्तिहरूलाई साक्षर बनाइ देशलाई साक्षर नेपालका रूपमा स्थापित गर्ने अभिप्रायका साथ यो कार्यक्रम थालनी भएको थियो । सामाजिक रूपमा वहिष्करणमा परेका र पिछडिएका समुदायको साक्षरता सीप बढाउने सवैका लागि शिक्षा अभियानको अन्तिम वर्ष सन् २०१५ भित्र ७५ प्रतिशत प्रौढ साक्षरताको अवस्था सुनिश्चित गर्ने सवैका लागि समन्यायिक गुणस्तरीय आधारभूत शिक्षा तथा जीवनोपयोगी सीप विकास सुनिश्चत गर्ने, विभिन्न जात जाति भाषाभाषि, सामाजिक तथा साँस्कृतिक परिवेशले सिर्जित समूदायबीचको विभेद न्यूनीकरण गर्ने, पठन बानी संस्कारको रुपमा विकास गर्ने, सामाजिक तथा मानव विकासको अवस्थामा सुधार गर्ने, देशमा रहेको गरिवीको अवस्था अन्त गर्ने, जीवनपर्यन्त सिकाइका अवसरहरू प्रदान गर्ने र समाजमा शान्ति स्थापना गर्ने जस्ता उद्धेश्यहरूका पुरा गर्न सघाउने हिसावले साक्षर नेपाल अभियान कार्यान्वयनमा ल्याइएको थियो ।

देहायका सीप विकास गर्ने उद्धेश्यका साथ यस अभियान अन्तरगत विभिन्न कार्यक्रमहरू सञ्चालनमा रहेका छन:

- आधारभूत तथा कार्यमूलक साक्षरता सीप विकास
- आयमूलक सीप विकास

- स्वास्थ्य सचेतना अभिवृद्धि
- नागरिक शिक्षा प्रचार
- जीवनोपयोगी सीप विकास
- वातावरण व्यवस्थापन
- सामुदायिक वन व्यवस्थापन आदि ।

साक्षर नेपाल अभियान कार्यान्वयनका क्रममा निम्न विधि र प्रक्रिया अवलम्बन गरिएको छ:

- विभिन्न निकायहरूसँगको सहकार्य र साझेदारी
- सिकाइ सामग्रीको प्रवन्ध
- सहजकर्ताको व्यवस्था, तालिम तथा पुनर्ताजगी कार्यक्रम
- उपयुक्त सिकाइ सहजिकरण विधिको प्रयोग
- सिकाइ केन्द्रको उपयुक्त व्यवस्थापन
- सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन र क्षमता अभिवृद्धि
- सिकाइको मूल्याङ्कन र प्रमाणिकरण
- आम सरोकारवालाहरुको सहभागितामा क्रमशः साक्षर जिल्लाहरु घोषणा गरी साक्षरोत्तर तथा निरन्तर शिक्षाका कार्यक्रमहरु विस्तार गर्ने

साक्षर नेपाल अभियान सञ्चालनबाट नेपालमा युवा तथा प्रौढ साक्षरतामा उल्लेख्य सुधार भएको छ । हालसम्म ५६ वटा जिल्ला र दुई वटा प्रदेशहरू (वाग्मती प्रदेश र गण्डकी प्रदेश) औपचारिक तवरले साक्षर घोषित भइ सकेका छन । अव ८ जिल्लाहरू साक्षर जिल्लाका रूपमा घोषणाका क्रममा रहेका छन् । यसबाट निरक्षरहरूको सङ्ख्या उल्लेखनीय रूपमा न्यूनिकरण हुन गएको छ । साक्षरता सीप विकास भएका कारण युवाहरूको जीवनमा धेरै हद सम्म सुधार आएको छ । आफ्नो जीवनका महत्वपूर्ण निर्णयहरू आफैं लिन सक्ने, बैंक तथा अस्पताल र गाउँ तथा नगरपालिकाबाट अत्यावश्यक दैनिकी सेवा लिनका लागि आवेदन भर्नेजस्ता कार्यहरूमा क्रमशः सक्षम हुँदै गएका छन् । साक्षरताका कार्यक्रमका

सहभागीहरुले सानासाना आयआर्जनका व्यवसायहरू सञ्चालन गरी पारिवारिक आयवृद्धि गर्न अत्यावश्यक सीप विकासका कारण युवाहरूको आर्थिक तथा सामाजिक विकासमा मद्दत पुग्न गएको छ । संघियता लागु गर्ने क्रममा जिम्मेवारी र जवाफदेहितामा केही हद सम्म अलमल देखिएता पनि सामुदायिक सिकाइ केन्द्रहरूको क्षमता विकास हुन गएको छ । सिकाइ सामग्रीहरूको उत्पादन र प्रयोगमा धेरै हदसम्म विस्तार हुन गएको छ । आधारभूत साक्षरता सीप प्रदान गर्ने देखि आयआर्जनका कार्यक्रमहरू सञ्चालन तथा समुदायमा विभिन्न प्रकारका सचेतना विकासका लागि पनि सामुदायिक सिकाइ केन्द्रहरू सक्रिय भएका छन ।

विभिन्न अध्ययन प्रतिवेदनहरूले साक्षर नेपाल अभियान मार्फत धेरै सकारात्मक प्रभाव परेको निष्कर्ष निकालेका छन् । घरपरिवार तथा व्यक्तिगत स्वास्थ्य र सरसफाइमा सुधार भएको छ । अभिभावकमा बालबालिकाको शिक्षाको महत्वबोध भएको छ । उनीहरूको शिक्षा तथा स्वास्थ्यमा अभिभावकको भूमिकाका बारेमा थप स्पष्टता आएको देखिएको छ । महिलाहरूले गर्भावस्थाको समयमा नियमित स्वास्थ्य परीक्षण गर्ने दरमा सुधार आएको छ । सुत्केरी हुँदा स्वास्थ्य चौकीको प्रयोग गर्ने बानीको विकास भएको छ । युवा तथा प्रौढहरूको सामाजिक क्रियाकलापमा सक्रिय सहभागिता बढेको छ । नवसाक्षरहरुले आफै मोवाइल नम्बरहरू सेभ गर्ने कार्य गर्न थालेका छन् । औषधीको मिति हेरी प्रयोग गर्ने बानीको केही हदसम्म विकास भएको छ । समग्रमा साक्षरता कार्यक्रमले महिलाहरूको सशक्तीकरणमा उल्लेख्य सुधार भएको छ ।

## २.२ निरन्तर शिक्षा

आर्थिक, सामाजिक लगायत विविध कारणले तोकिएको विद्यालय जाने उमेरमा विद्यालयमा भर्ना हुन नसकेका र भर्ना भएर पनि विचैमा कक्षा छाडेका तथा साक्षरता कक्षा पूरा गरेका नवसाक्षरहरूका लागि निरन्तर शिक्षा र दिगो सिकाइको अवसर प्रदान गर्नु सरकारको दायित्व हो । नेपालको संविधानमा हरेक नागरिकलाई शिक्षा पाउने अधिकार सुनिश्चित गर्न मौलिक हकको व्यवस्था गरिएको छ । यसको कार्यान्वयनका लागि शिक्षा क्षेत्रमा विभिन्न नीति, योजना तथा कार्यक्रममहरू कार्यान्वयन गर्दैं आएका

छन् । विद्यालय उमेरका सबै बालबालिकाहरूलाई विद्यालयमा ल्याई गुणस्तरीय शिक्षा दिने, विद्यालय बाहिर रहेका र विद्यालय तहको निर्धारित उमेर कटेका नागरिकहरूलाई वैकल्पिक शिक्षाका माध्यमबाट विद्यालय शिक्षा प्रदान गर्ने नीति नेपाल सरकारको रहेको छ । केन्द्रमा मन्त्रालय अन्तर्गत शिक्षा तथा मानव स्रोत विकास केन्द्र विद्यालय तहको औपचारिक तथा वैकल्पिक शिक्षाको सहज पहुँच तथा गुणस्तर अभिवृद्धि गर्न नीति, मन्त्रालयबाट तय गरिएका मापदण्डलाई व्यवहारमा कार्यान्वयन र सहजीकरण गर्ने कार्यमा प्रतिबद्ध रहेको छ । सिकाइलाई निरन्तरता दिन चाहने एवम् सीप आर्जन गर्न चाहने हरेक नेपाली नागरिकलाई आफू रहेकै स्थानबाट वैकल्पिक शिक्षाको अवसर प्रदान गर्न निरन्तर शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्दै आइएको छ ।

**नव साक्षरहरूका लागि निरन्तर शिक्षा**

सबैका लागि शिक्षा आजको अनिवार्य आवश्यकता भएकोले कुनै पनि नागरिकले शिक्षा पाउने हकबाट वञ्चित हुन नपरोस् भनी शिक्षा पाउने हकलाई संविधानको मौलिक हक अन्तर्गत राखिएको छ । यसलाई कार्यान्वयनमा ल्याउनको लागि शिक्षाका नीति तथा कार्यक्रममहरू तय गरिएका छन् । विद्यालय उमेरका बालबालिकाहरूलाई विद्यालयमा ल्याई गुणस्तरीय शिक्षा दिने, विद्यालय आउन नसक्ने बालबालिकाहरू र प्रौढहरूलाई वैकल्पिक तथा खुला विद्यालय मार्फत शिक्षा दिने साथै विद्यालयको निर्दिष्ट उमेर कटेका नागरिकहरूलाई अनौपचारिक र निरन्तर शिक्षाको माध्यमबाट साक्षर/शिक्षित बनाउने नीति नेपाल सरकारको रहेको छ । औपचारिक शिक्षा लिने अवसर प्राप्त नगरेका र निरन्तर सिकाइ तथा सीप आर्जन गर्न चाहने हरेक नवसाक्षर नेपाली नागरिकलाई तत्स्थानवाट नै वैकल्पिक शिक्षाको अवसर प्रदान गर्नु आवश्यक छ । दैनिक श्रम गरेर जीविका चलाउने परिवारका सदस्यहरूलाई सहयोग गर्न घरायसी जिम्मेवारी बहन गर्न आर्थिक सामाजिक लगायत विविध कारणले उपयुक्त उमेरमा विद्यालयमा भर्ना हुन नसकेका र भर्ना भएर पनि कक्षा छाडेका तथा साक्षरता कक्षा छाडेकाहरूको दीगो सिकाइका लागि उनीहरूको रूचीका आधारमा व्यावहारिक ज्ञान प्रदान गर्न नवसाक्षरहरू केन्द्रित अनौपचारिक शिक्षा अन्तरगत निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गरिएको छ ।

### २.३ जीवनपर्यन्त शिक्षा

नेपालले जीवनपर्यन्त शिक्षालाई जोड दिदै आएको छ । अनौपचारिक तवरबाट हुने सिकाइलाई मान्यता दिने, अनौपचारिक शिक्षाका विभिन्न कार्यक्रमहरूको विकास तथा सञ्चालन गर्ने र परीक्षण तथा मूल्याङ्कनका आधारमा औपचारिक शिक्षामा शैक्षिक निरन्तरता दिने खुला विद्यालयहरूको सञ्चालन सिकारूको सिकाइ समयअनुसारको लचकतामा सञ्चालन हुने आदि प्रयासहरूले जीवनपर्यन्त सिकाइका अवसरहरू खुला गरेका छन् ।

सामुदायिक सिकाइ केन्द्रको अभ्यास पनि जीवनपर्यन्त शिक्षाको अवधारणालाई प्रवर्धन गर्ने कार्यक्रमका रूपमा रहेकोछ । यसले आधारभूत साक्षरता शिक्षा, निरन्तर शिक्षा तथा खुला शिक्षाका अलावा जीवनसँग सम्बन्धित धेरै सिकाइका अवसरहरू सिर्जना गरेको छ । समुदायमा सीप विकासका अवसर प्रदान गरी सामाजिक तथा आर्थिक विकासका सम्भावनालाई प्रवर्तन गरेको छ । समुदायको सिकाइ केन्द्रका रूपमा क्रमशः जीवनपर्यन्त सिक्ने थलो बन्न पुगेको छ । युवा तथा प्रौढहरूको जीवन र जीविकासँग सामुदायिक सिकाइ केन्द्र दह्रोसँग जोडिदै गएको छ । साक्षरता शिक्षा, वित्तिय साक्षरता, डिजिटल साक्षरता शिक्षाका माध्यमबाट सामुदायिक सचेतना तथा आर्थिक र सामाजिक सशक्तीकरण गरी जीवनपर्यन्त सिकाइका अवसरहरू वृद्धि हुन गएका छन् ।

नेपाल सरकारले हालै अवलम्बन गरेको राष्ट्रिय योग्यता प्रारूपको व्यवस्थाले जीवनपर्यन्त शिक्षाको अवसरलाई थप फराकिलो बनाएको छ । अनौपचारिक, अरितिक तथा जीवन र जगतद्वारा आर्जित अनुभवबाट हासिल भएका ज्ञान तथा सीपको प्रमाणीकरण गरी समकक्षता प्रदान गर्ने व्यवस्था संस्थागत हुनुले पनि जीवनपर्यन्त शिक्षालाई नै अझ सुदृढ र प्रभावकारी बनाउँदै जाने देखिन्छ । यसले उच्च शिक्षा तथा पेसागत जीवनमा समेत सिकारू स्वयमले उच्च दक्षता हासिल गर्ने र उत्पादकत्व वृद्धि गर्ने एवम् सक्षमताका साथै उच्च शैक्षिक योग्यता हासिल गर्ने र एक धारको शिक्षा पद्धतिबाट अर्को धारको शिक्षा पद्धतिमा जाने गरी पारगम्यतासमेत सुनिश्चित गरेको अवस्थाले जीवनपर्यन्त शिक्षाको अवसरलाई थप सुदृढ गर्ने अवस्था सिर्जना भएको छ ।

जीवनपर्यन्त शिक्षाका लागि कानुनी आधार तय भएको छ । शिक्षा नीति २०७६ अनिवार्य तथा निशुल्क शिक्षासम्बन्धी ऐन २०७५ शिक्षा ऐन २०२८ नवौसम्शोधन तथा शिक्षा नियमावली २०५९ ले स्पष्ट रूपमा जिवनपर्यन्त शिक्षा प्रवर्धनका लागि कानुनी आधार प्रदान गरेका छन् । त्यसैगरी जिवनपर्यन्त शिक्षालाई प्रवर्धन गर्न तथा सस्थागत गर्न राष्ट्रिय योग्यता प्रारूप २०७७ र राष्ट्रिय योग्यता प्रारूप अनौपचारित २०७७ ले थप सहजीकरण गरेका छन् ।

जीवनपर्यन्त सिकाइ अवसर प्रदान गर्ने रणनीति दिगोविकास लक्ष्य ४ ले गरेको छ । सिकाइलाई सवै उमेर समूहका व्यक्तिहरूसँग आवध्ध गर्ने, जीवनोपयोगी सिप विकासको अवसरको निरन्तरता प्रदान गर्ने, लचकताका साथ वहु सिकाइ माध्यमहरूको प्रयोग गरी सिकाइ गर्ने अवसर सुनिश्चित गर्ने, औपचारिक तथा अनौपचारिक शिक्षासँग जीवनपर्यन्त सिकाइलाई आवद्ध गर्ने, र अनौपचारिक रूपमा हासिल ज्ञान तथा सिप परीक्षण तथा प्रमाणीकण गर्ने जस्ता रणनीतिहरू दिगो विकास लक्ष्यले तय गरेर यसको प्रवर्धनमा जोड दिएको छ ।

**जीवनपर्यन्त शिक्षाको औचित्य**

जीवनपर्यन्त शिक्षाको महत्व देहायबमोजिम रहेको छः

- बढ्दो जनसङख्या र प्रविधिको विकासका कारण परिवर्तित समाजमा गुणस्तरीय जीवन यापनका लागि अत्यावश्कय ज्ञान सिप तथा दक्षता विकास निरन्तर रूपमा गर्न
- बढ्दो जलवायू परिवर्तन र यसका प्रभावहरूलाई न्यूनीकरण गर्न तथा उत्पन्न समस्याहरू समाधान गर्न अत्यावश्यक ज्ञान तथा सिप निरन्तररूपमा विकास गर्न
- ज्ञानमा आधारित समाज तथा ज्ञानमा आधारित आर्थिक विकासको अवस्था अनुसार अत्यावश्यक व्यावसियक सिप विकास गर्न
- पेसागत विकासमा सम्लग्न व्यक्तिहरूको उच्च दक्षता हासिल गर्ने र पेसागत वृत्तिविकासका अवसर प्रदान गर्न

- शिक्षाको अवसरबाट वञ्चित समुदायलाई शैक्षिक अवसर वृद्धि गरी सवैको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चत गर्न
- डिजिटल साक्षरता वित्तीय साक्षरता लगायतका विभिन्न पक्षहरूसँग सम्बन्धित ज्ञान तथा सिप विकास गरी जीवनलाई बढी प्रतिस्पर्धि र गुणस्तरीय बनाउन

जीवनपर्यन्त सिकाइलाई विभिन्न स्वरूपबाट हेर्ने गरिएको छ । विभिन्न देशहरुले यसलाई आ आफ्नै स्वरुपमा व्याख्या गरी कार्यान्वयनमा गएको अवस्था देखिन्छ। कानूनी व्यवस्था, सरचनागत व्यवस्था,कार्यक्रम तथा परियोजनाहरूको विकास र कार्यान्वयन जिवनपर्यन्त सिकाइ सम्बन्धी प्रारुप लगायतका अभ्यासहरू हुने गरेको अवस्था देखिन्छ । विभिन्न देशहरुको अभ्यास तथा यस सँग सम्बन्धित सैद्धान्तिक आधारहरु समेतका आधारमा जिवनपर्यन्त सिकाइलाई मूलतः देहायअनुसार विभाजन गरी कार्यान्वयन गर्न सकिने अवस्था रहेको छः

१. औपचारिक शिक्षाकै एक अभिन्न अङ्गका रूपमा प्रदान गरिने शिक्षा
२. अनौपचारिक शिक्षाको एक अभिन्न अङ्गका रूपमा प्रदान गरिने शिक्षा र
३. अरितिक तरिकाबाट हासिल गरिने सिप

उपर्युक्त तथ्यहरूबाट जीवनपर्यन्त सिकाइ निरन्तर चलिरहने सिकाइ हो भनेर निष्कर्ष निकाल्न सकिन्छ । कतिपय अवस्थामा जीवनपर्यन्त सिकाइलाई सामाजिक शिक्षालाई देहायबमोजिम कार्यान्वयनमा ल्याउने गरेको पाइन्छः

१. समाजिक शिक्षाः समाजबाट सिकाइ हुने, सामाजिक सस्कार तथा संस्कृतिमा सहभागिताबाट हासिल गरिने सिकाइ।
२. विद्यालय शिक्षाः औपचारिक पद्दतिबाट हासिल हुने सिकाइ जुन निरन्तर सिकाइको एक अभिन्न अङ्गका रूपमा रहने गर्छ ।
३. पारिवारिक शिक्षाः परिवारबाट, पारिवारिक सामाजिकीकरणबाट,पारिवारिका क्रियाकलापहरूमा हुने सहभागिताबाट निरन्तर रुपमा हासिल हुने सिकाइ ।

४. कार्यथलोमा आधारित सिकाइः पेसा, व्यवसाय वा अन्य क्रियाकलापमा हुने सक्रिय सहभागिताका आधारमा गरिने सिकाइ ।

**जीवनपर्यन्त सिकाइका विशेषताहरू**

जीवनपर्यन्त सिकाइका केही निश्चित विशेषताहरू रहेका छन् । यसकाबारेमा पनि अनौपचारिक तथा वैकल्पिक शिक्षामा कार्यरत व्यक्तिहरू पूर्णरूपमा जानकार हुन जरुरी हुन्छ । मुख्य मुख्य विशेषताहरु निम्नवमोजिम रहेका छन् :

- जन्म देखि मृत्यु पर्यन्त जिवनमा हुने समग्र सिकाइ जीवनपर्यन्त सिकाइ हो
- जिवनपर्यन्त सिकाइले औपचारिक, अनौपचारिक, अनियमित तथा अरितिक सवै प्रकारबाट गरिने सिकाइलाई वुझाउँछ
- कार्यक्रम विकास तथा कार्यन्वयनका पक्षबाट जिवनपर्यन्त शिक्षाले मुख्यतः अनौपचारिक तथा अनियमित वा अरितिक पक्षलाई केन्द्रित गर्ने गर्छ
- प्रतिस्पर्धात्मक जीवनका लागि योग्य बनाइ राख्न अत्यावश्यक सिप जीवनपर्यन्त शिक्षाबाट हासिल हुन्छ र यसका लागि व्यक्तिले निरन्तर सिकाइका लागि प्रयत्नरत हुनु पर्छ
- जीवनपर्यन्त शिक्षाले औपचारिक विद्यालय शिक्षा तथा विश्वविद्यालय भन्दा बाहिर पनि सिकाइ हुन्छ भन्ने मान्यता राखेको हुन्छ
- जीवनपर्यन्त शिक्षामा दुवै विद्यालयमा आधारित र विद्यालय वाहिरका शैक्षिक क्रियाकलापहरू समेत समावेश हुन्छन्
- जीवनपर्यन्त शिक्षालाई विभिन्न नामबाट हेर्ने गरिन्छः निरन्तर शिक्षा, प्रौढ शिक्षा, जीवनपर्यन्त शिक्षा र खुला तथा दूर शिक्षा आदि
- जीवनपर्यन्त सिकाइ जीवनमा हुने वा गरिने विभिन्न क्रियाकलापहरूमा आवद्ध रहन्छ
- व्यक्तिको व्यक्तिगत विकास समाजको सामाजिक विकास व्यक्तिको रोजगारी वा पेसागत विकास तथा नागरिक विकाससँग सम्बन्धित सवै सिकाइहरू जीवनपर्यन्त सिकाइका रूपमा रहन्छन्

- जीवनपर्यन्त शिक्षाले शिक्षाको अवसरबाट जो कोही पनि पछाडि पर्ने छैन भन्ने सिद्धान्तलाई अङ्गिकार गरेको हुन्छ
- सवै उमेर समूहका, सवै तहको शिक्षा, विविध शिक्षण सिकाइ विधि तथा प्रक्रिया र सवै ठाउँमा हुने सिकाइ

**जीवनपर्यन्त सिकाइ अन्तरगत सञ्चालन गर्न सकिने सम्भावित कार्यक्रमहरू**

- पारिवारिक शिक्षा
- नागरिक शिक्षा
- नैतिक शिक्षा
- सिप विकास तालिम
- जिवनोपयोगी सिप विकास
- साक्षरता सिप
- समकक्षता कार्यक्रम
- पेसागत वृत्ति विकास तालिम
- पूर्व ज्ञान तथा सिपको परीक्षण तथा समकक्षता
- छोटा अवधिका सक्षमतामा आधारित तालिम
- स्व-अध्ययनमा आधारित सिकाइ वा योग्यता अभिवृध्दि कार्यक्रम
- कार्यथलो, पेसा व्यवसाय वा उद्योगहरूमा आधारित तालिम
- सामाजिक समस्या समाधानमा आधारित कार्यक्रमहरू
- लैङ्गिक समता वा समावेशितामा आधारित कार्यक्रमहरू
- प्रौढ शिक्षा कार्यक्रम
- कलात्मक तथा सिर्जनात्मक सक्षमता प्रवर्धन सम्बन्धी कार्यक्रमहरू
- खेलकूद सम्बन्धी कार्यक्रमहरू

- सामाजिक तथा सास्कृतिक कार्यक्रम
- समुदाय विकास सम्बन्धी तालिम कार्यक्रम
- विद्यालय समुदाय सम्बन्ध विकास कार्यक्रम
- अपाङ्गता भएका व्यक्तिकहरूका लागि लक्षित कार्यक्रम
- विशेष शिक्षा कार्यक्रम

नेपालको सन्दर्भमा जीवनपर्यन्त सिकाइलाई स्पस्ट रूपमा परिभाषित गरिएको छैन । यसका लागि देहायवमोजिम परिभाषित गर्न सान्दर्भिक देखिन्छः

सवै उमेरसमूहका व्यक्तिहरूले औपचारिक अनौपचारिक अनियमित अनिमित तथा पेसा व्यवसाय र उद्योगहरूमा आधारित भइ हासिल गर्ने ज्ञान सिप तथा अभिवृत्ति र सिप विकास गर्ने गरी लचक समय सारिणीका साथ विविध सिकाइ विधि तथा प्रक्रिया अवलम्बन गरी प्रदान गरिने शिक्षालाई जीवनपर्यन्त शिक्षाका रूपमा परिभाषित गर्न सकिन्छ । यसले साक्षरता शिक्षा निरन्तर शिक्षा प्रौढ शिक्षा खुला विद्यालय शिक्षा दूर तथा खुला शिक्षा लगायतका सवै शिक्षा कार्यक्रमहरूबाट हासिल हुने सिकाइ र रोजगारमूखी सिप विकाससँग सम्बन्धित छोटा तथा लामा अवधिका सिप विकास कार्यक्रमहरू समेतलाई वुझाउँछ ।

**जीवनपर्यन्त शिक्षाका लागि लिनु पर्ने रणनीतिहरू**

१. सवै तहको सरकारका ऐन कानून तथा नियमावलीहरूमा जीवनपर्यन्त शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी प्रावधानहरू समावेश गरी अद्यावधिक गर्ने
२. स्थानीय सरकारमा बन्ने ऐन तथा कानुनमा जीवनपर्यन्त शिक्षासम्बन्धी प्रवन्ध सुनिश्चित गर्ने
३. जीवनपर्यन्त शिक्षा कार्यान्वयन रणनीति तय गरी कार्यान्वयनमा ल्याउने
४. जीवनपर्यन्त शिक्षाको सञ्चालन, व्यवस्थापन तथा कार्यान्वयनका लागि अत्यावश्यक सरचना र जनशक्तिको व्यवस्था गरी कार्यान्वयनमा ल्याउने
५. जीवनपर्यन्त शिक्षाका लागि विभिन्न निकायहरू, गैह्र सरकारी सस्थाहरू, उद्योगपति तथा व्यवसायीहरूसमेतको साझेदारी विकास गरी कार्यान्वयनमा जाने

६. जीवनपर्यन्त शिक्षमा आवद्ध सिकारूलाई अत्यावश्यक सहयोग तथा सहजीकरण गर्ने अत्यावश्यक सहयोग पद्दति सञ्चालनमा ल्याउने

७. जीवनपर्यन्त शिक्षाको आवधिक मूल्याङ्कन गरी भावीदिनमा थप व्यवस्थित गर्न अत्यावश्यक सुझाव प्राप्त गरी कार्यान्वयनमा ल्याउने

## २.४ सामुदायिक सिकाइ केन्द्र

सवै नागरिकको शिक्षा प्राप्त गर्ने नैसर्गिक अधिकारलाई संयुक्त राष्ट्र संघिय विश्व मानवअधिकार महासन्धि अन्तर्राष्ट्रिय कानूनका रूपमा स्थापित भइ सकेको छ । नेपालको संविधान २०७२ ले पनि सवै नागरिकको शैक्षिक अधिकारको सुनिश्चित गर्न विभिन्न नीतिगत र कानुनी प्रावधान कार्यान्वअयन गरेको छ । विश्व सहश्राव्दी लक्ष्यपूरा गर्न नेपालले सदस्य राष्ट्रको हैसियतले स्पष्ट प्रतिवद्धता थियो । यसरी नेपालले विभिन्न शैक्षिक योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्दै आएको परिवेशमा सवैका लागि गुणस्तरीय शिक्षा, निरन्तर शिक्षा, सिप विकासको अवसर तथा युवाहरूमा स्वरोजगारमुखी सीप विकासका अवसरहरू सुनिश्चित गर्ने उद्धेश्यका साथ नेपालमा विभिन्न शैक्षिक विकासका कार्यक्रमहरू सञ्चालन र संस्थागत संरचनाहरु समेत स्थापित हुँदै आएका छन् । यी व्यवस्था हुँदाहुँदै पनि विविध कारणबाट औपचारिक शिक्षाको अवसरबाट वञ्चित समूदायहरूको सङ्ख्या अझै उल्लेख्य रहेको छ । यस सन्दर्भमा नेपालले सामुदायिक अध्ययन केन्द्र (सामुदायिक सिकाइ केन्द्र) को अवधारणालाई वि.स. २०६० देखि नै कार्यान्वयनमा ल्याएको हो ।

सामुदायिक विकास, साक्षरता शिक्षा, निरन्तर शिक्षा, सिपमूलक शिक्षा र वित्तीय साक्षरता सीप विकास आदि मार्फत सीमान्तकृत समूदायको बालबालिका, युवा तथा प्रौढ नागरिकको जीवनस्तर उकास्न सहजीकरण गर्ने अभिप्रायका साथ सामुदायिक सिकाइ केन्द्रलाई संस्थागत गर्ने अभ्यास हुन थालेको हो । सामुदायिक सिकाइ केन्द्रका मूल उद्धेश्यहरू देहायवमोजिम रहेका छन्ः—

- अनौपचारिक शिक्षाका विभिन्न स्वरूपका कार्यक्रमहरू सञ्चालन तथा व्यवस्थापन गर्नु।
- समुदायमा हुने विभिन्न प्रकारका विकासका कार्यक्रमहरूलाई एउटै थलोबाट सञ्चालन तथा व्यवस्थापन गर्नु ।

- सामुदायिक आवश्यकता र चाहना अनुसारका विकासका कार्यक्रमहरू तर्जुमा तथा कार्यान्वयन हुने अवस्था सिर्जना गर्नु ।
- स्थानीय ज्ञान, सीप तथा प्रविधिको विकास, विस्तार तथा संरक्षण गर्नु ।
- समुदायमा आधारित एकीकृत सूचना तथा सिकाइ केन्द्रको रूपमा विकास गरी सूचनाको पहुँच अभिवृद्धि गर्नु आदि ।

सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यलाई गुणस्तरीय एवम् प्रभावकारी बनाउन नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८ जारी गरेको छ । सामुदायिक सिकाइ केन्द्र एक विशेष प्रकारको सामुदायिक संस्था हो । यसका मूलभूत विशेषताहरू निम्नबमोजिम रहेका छनः

- समुदायको सक्रिय सहभागिता र साझेदारीमा सञ्चालन हुन्छ ।
- यसको सञ्चालन तथा व्यवस्थापन समूदाय स्वयमले गर्छ ।
- सिकाइ केन्द्रको स्वामीत्व समूदायमा रहन्छ ।
- सामुदायिक शैक्षिक सिकाइ केन्द्रका रूपमा रहन्छ ।
- यो एक सामुदायिक संस्थाका रूपमा रहन्छ ।

सामुदायिक सिकाइ केन्द्रले सम्पादन गर्ने कार्यक्षेत्रहरू देहाय बमोजिम हुने व्यवस्था गरेको छः

- सूचना तथा प्रविधि सहितको साक्षरता तथा निरन्तर शिक्षा,
- प्रारम्भिक बाल विकास शिक्षा,
- वैकल्पिक विद्यालय शिक्षा तथा सिकाइ कार्यक्रम,
- सीप विकास तालिम,
- वचत तथा ऋण परिचालन,
- सामुदायिक विकास,
- नागरिक शिक्षा, मानव अधिकार शिक्षा र अभिभावक शिक्षा,

- कानुनी साक्षरता शिक्षा,
- भेदभाव तथा लैङ्गिक हिंसा विरूद्धका जनचेतनामूलक कार्यक्रम,
- वातावरणीय संरक्षण तथा संवर्धन कार्यक्रम,
- सामुदायिक सरसफाइ तथा स्वास्थ्य शिक्षाका क्रियाकलापहरू,
- खेलकुद,
- व्यावसायिक तालिम,
- कला, साहित्य, संस्कृति, बालविकास तथा मनोरञ्जनात्मक क्षेत्रका कार्यक्रम,
- अन्तरपुस्ता सिकाइ स्थानान्तरण तथा हस्तान्तरण कार्यक्रम,
- परम्परागत सीपको प्रवर्धन तथा आधुनिकीकरण कार्यक्रम,
- जनचेतनामूलक कार्यक्रम
- उद्यमी विकास कार्यक्रम,
- सुरक्षा र बचावट शिक्षा,
- विविध

यसरी समुदायको विकासमा क्रमशः स्थापित हुँदै गएको र कार्यक्षेत्र समेत विस्तार हुँदै गएको सन्दर्भमा सामुदायिक सिकाइ केन्द्रको विकास तथा विस्तार अपरिहार्य हुँदै आएको छ । यसका केही निश्चित कारणहरू रहेका छन् । प्रमुख कारणहरूमाः

- सीमान्तकृत समुदायको शैक्षिक पहुँच विस्तार गर्न अत्यावश्यक छ र अझै पनि यस समुदायका व्यक्तिहरूको साक्षरताको अवस्था कमजोर छ ।
- दिगो विकास लक्ष्य अनुसार सवैको समावेशी तथा गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न र जीवनपर्यन्त सीप विकासका अवसर प्रदान गर्ने दायित्व निर्वाह गर्नु पर्ने अवस्था छ ।
- समुदायतहमा स्वरोजगारका अवसरहरू वृद्धि गरी सीमान्तकृत समुदायको सामाजिक तथा आर्थिक विकास गर्न अत्यावश्यक भएको छ ।

- विभिन्न निकाय तथा संस्थाहरूबाट समुदायमा भिन्न भिन्न स्वरूपमा सञ्चालित कार्यक्रमहरूबीच समन्वय र सहकार्य गर्न समुदायमा एक साझा संस्थाको विकास गर्न अत्यावश्यक भएको छ ।
- राष्ट्रिय योग्यता प्रारूप अनुरुप अनौपचारिक शिक्षा तह ४ कार्यान्वयनमा आएको र यसबाट हासिल भएका ज्ञान तथा सीपको परीक्षण तथा प्रमाणीकरण प्रक्रियालाई समुदाय तहमा सहजीकरण गर्न अत्यावश्यक भएको छ ।

## २.५ अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम

अनौपचारिक शिक्षा अन्तरगत नेपालमा वैकल्पिक विद्यालय शिक्षा कार्यक्रमहरू सञ्चालनमा ल्याइएको छ । नियमित रूपमा औपचारिक विद्यालयको शिक्षा प्राप्त गर्न नसकेका विद्यालय शिक्षा पूरा नगरी विचैमा विद्यालय छाडेका बालबालिकाहरूका लागि लक्षित वैकल्पिक विद्यालय शिक्षा कार्यक्रम सञ्चालन गरिएका छन् । यसबाट सवै बालबालिकाको शिक्षा पाउने अधिकार सुनिश्चित गर्ने संवैधानिक व्यवस्था कार्यान्वयनमा सहयोग पुग्न गएको छ ।

हरेक नागरिकको शिक्षा पाउने संवैधानिक अधिकार सुनिश्चित गर्न शिक्षाका नीति, योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्दै विद्यालय उमेरका सबै बालबालिकाहरूलाई विद्यालयमा ल्याई गुणस्तरीय शिक्षा दिने, विद्यालय बाहिर रहेका र विद्यालय जाने निश्चित उमेर कटेका नागरिकहरूलाई वैकल्पिक शिक्षाका माध्यमबाट विद्यालय शिक्षा प्रदान गर्ने नीति नेपाल सरकारको रहेको छ ।

वैकल्पिक शिक्षाका अवसर प्राप्त गर्न चाहनेहरु र अलग अलग प्रकृतिका लक्षित समुहका लागि विभिन्न नामका वैकल्पिक विद्यालयहरू सञ्चालन हुँदै आएका छन् । मूलतः साधारण धारको शिक्षा प्रदान गर्ने वैकल्पिक विद्यालयहरू हाल तीन किसिमका व्यवस्थापन अन्तरगत सञ्चालन हुँदै आएका छन् । ति विद्यालयहरुबाट दुईधारको विद्यालय शिक्षा प्रबन्ध हुँदै आएको छ । नियमित विद्यालयभन्दा अलग र भिन्न व्यवस्थापनमा र नियमित विद्यालयको व्यवस्थापनमा थप कार्यक्रममका स्वरूपमा एवम् स्थानीय समुदाय, व्यक्ति समूह र संघसंस्था समेत गरी तीन किसिमका व्यवस्थापन देखिन्छन् । परम्परागत धारको शैक्षिक प्रबन्ध गर्दै आएका

मदरसा, गुम्बा, गुरूकूल, आश्रम जस्ता विद्यालय भने खास सांस्कृतिक समुदाय, धार्मिक र सांस्कृतिक समूह वा संघसंस्थाको व्यवस्थापन अन्तरगत सञ्चालित छन् ।

अनौपचारिक शिक्षा तर्फ अनौपचारिक विद्यालयहरू सञ्चालन गरिएका छन् । यी विद्यालयहरू दुई प्रकारका छन् । अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम र खुला सिकाइ शिक्षा कार्यक्रम । विगतमा सञ्चालन भएका अनौपचारिक शिक्षा प्राथमिक विद्यालयहरू परिवर्तित शैक्षिक संरचनाअनुसार आधारभूत तह वैकल्पिक शिक्षा कार्यक्रम र माध्यमिक शिक्षा कार्यक्रमका रूपमा तहगत व्यवस्था अनुसार व्यवस्थित गरिएका छन् ।

आधारभूत तहको वैकल्पिक शिक्षा कार्यक्रमलाई देहायका तहमा विभाजन गरिएको छः

| अनौपचारिक तथा वैकल्पिक शिक्षा | औपचारिक शिक्षाको | राष्ट्रिय योग्यता प्रारुप अनुसार |
|---|---|---|
| पहिलो तह १ | कक्षा २ सरह | तह एकः कक्षा ३ सरह |
| दोश्रो तह २ | कक्षा ३ सरह | तह दुईः कक्षा ५ सरह |
| तेश्रो तह ३ | कक्षा ४ र ५ सरह | तहः तीन कक्षा ८ सरह |
| चौथो तह ४ | कक्षा ५ र ६ सरह | तहः चार कक्षा १० सरह |
| पाचौ तह ५ | कक्षा ७ र ८ सरह | तह पाँचः कक्षा १२ सरह |

अनौपचारिक विद्यालय अन्तरगत खुला विद्यालयहरू माध्यमिक ८४ वटा र निम्न माध्यमिक विद्यालय ३७ वटा सञ्चालनमा रहेका छन । यस प्रकारका खुला विद्यालयहरूबाट हाल कक्षा ९ देखि कक्षा १२ सम्मको विद्यालय शिक्षा प्रदान हुँदै आएको छ ।

शिक्षाको पहुँच विस्तारका लागि खुला विद्यालय शिक्षा पद्धतिको भूमिका महत्वपूर्ण हुन्छ । खुला शिक्षा पद्धति अन्तरगत आर्थिक, सामाजिक, भौगोलिक तथा अन्य कारणबाट विद्यालय शिक्षा पूरा गर्न नसकेका बालबालिका तथा विद्यालय उमेर कटिसकेका व्यक्तिहरूलाई शिक्षाको मूल धारमा ल्याउने उद्देश्यका साथ खुला विद्यालयहरू सञ्चालन गरिएका छन् । यी विद्यालयहरूमा साधारण औपचारिक शिक्षाका कक्षा ९ देखि १२ सम्मका पाठ्यक्रमहरूलाई संश्लेषित गरी सोही आधारमा पाठ्य सामग्रीहरू विकास गरी कार्यान्वयनमा ल्याइएको छ । यस अन्तरगत पनि महिला (गृहिणी) विद्यालय र खुला विद्यालय गरी दुई प्रकारका विद्यालयहरू सञ्चालनमा रहेका छन् । यसको तहगत संरचना देहायबमोजिम व्यवस्थित गरिएको छः

| | | |
|---|---|---|
| अनौपचारिक तथा बैकल्पिक शिक्षा<br>तह ६ | औपचारिक शिक्षा<br>कक्षा ९ र १० सरह | राष्ट्रिय योग्यता प्रारुप<br>तह ४ |
| तह ७ | कक्षा ११ र१२ सरह | तह ५ |

२.५.१ अनौपचारिक प्राथमिक विद्यालय (कक्षा १-५ सरह)

- ८ देखि १४ वर्ष उमेर समूहका बालबालिकालाई लक्षित गरिएको छ ।
- औपचारिक प्राथमिक विद्यालय शिक्षाबाट वञ्चित र आधारभूत तह कक्षा ५ पूरा नगरेका बालबालिकालाई केन्द्र विन्दुमा राखी यस प्रकारको विद्यालयको व्यवस्था गरिएको छ ।
- यी विद्यालयहरू नियमित विद्यालय भन्दा भिन्न स्थान र भौतिक संरचनामा सञ्चालन हुने गर्दछन् ।
- तहगत शैक्षिक संरचना अनुकूल नियमित विद्यालय शिक्षाको संश्लेषित स्वरूपका पाठ्यक्रम विकास गरिएको छ ।
- यो शिक्षालाई तीन तहमा विभाजन गरिएको छ । तह एक, तह दुई र तह तीन । प्रत्येक तह एक वर्षको हुन्छ ।
- नियमित विद्यालय शिक्षाका लागि निर्धारित विषय अनुसारका मुख्य विषयवस्तुहरु समाविष्ट विषयगत पाठ्यसामग्री विकास गरी कार्यान्वयनमा ल्याइएको छ ।
- सिकाइ सहजीकरणका लागि प्रत्येक दिन ४ घण्टाको समय तय गरिएको छ र हप्तामा ६ दिन सहजीकरण गरिन्छ ।
- सहभागीको अनुकूलतामा सिकाइ सहजीकरण समय तालिका निर्धारण गरिन्छ ।
- अलगै सहजकर्ता वा शिक्षकको प्रवन्ध गरी प्रत्यक्ष सम्पर्क कक्षा सञ्चालनको व्यवस्था मिलाइएको छ ।
- सिकारूले सम्पर्क कक्षाको अतिरिक्त स्वअध्ययन पनि गर्ने प्रवन्ध गरिएको छ ।
- यसप्रकारका विद्यालय सञ्चालनका लागि एकमुष्ट अनुदान दिने व्यवस्था गरिएको छ

२.५.२ खुला विद्यालय (कक्षा ६—१० सरह)

- १४-१५ वर्षभन्दा माथिका व्यक्तिहरूका लागि लक्षित गरिएको छ ।
- कक्षा ६—८ को खुला शिक्षाका लागि कक्षा ५ सरहको र कक्षा ९—१० को लागि कक्षा ८ सरह उत्तीर्ण भएका व्यक्तिहरू यस कार्यक्रममा सहभागी हुन पाउने प्रावधान गरिएको छ ।
- सम्पर्क कक्षाहरु तोकिएका नियमित विद्यालयमा नै सञ्चालन हुने गर्दछन् ।
- नियमित विद्यालयको थप कार्यक्रमका रूपमा सञ्चालन गर्ने गरिएको छ ।
- कक्षा ६—८ सरहका लागि दुई तहमा कार्यक्रमलाई व्यवस्थित गरिएको छ ।
- प्रत्येक तहका लागि एक वर्षको शैक्षिक कार्यक्रम हुने गरी पाठ्यक्रम तथा सिकाइ सामग्रीको प्रवन्ध गरिएको छ ।
- नियमित विद्यालयकै विषयगत शिक्षकलाई परिचालन गरी सिकाइ सहजीकरण गर्ने प्रवन्ध मिलाइएको छ
- नियमित विद्यालयको थप कार्यक्रमका रूपमा सञ्चालन गर्ने गरिएको छ ।
- कक्षा ६—८ सरहका लागि दुई तहमा कार्यक्रमलाई व्यवस्थित गरिएको छ ।
- प्रत्येक तहका लागि एक वर्षको शैक्षिक कार्यक्रम हुने गरी पाठ्यक्रम तथा सिकाइ सामग्रीको प्रवन्ध गरिएको छ ।
- नियमित विद्यालय शिक्षाका लागि निर्धारित विषय अनुसारका मुख्य विषयवस्तु समाविष्ट गरी विषयगत तथा तहगत पाठ्यसामग्रीहरूको प्रवन्ध गरिएको छ ।
- कक्षा ९—१० सरहका लागि एक तहमा सकिने गरी औपचारिक पाठ्यक्रमलाई शंस्लेषित गरिएको छ
- प्रत्यक्ष सम्पर्क सत्र र स्वाध्यायनलाई सिकाइको मुख्य माध्यमका रूपमा व्यवस्थित गरिएको छ ।
- औपचारिक विद्यालय संरचनाका प्रक्रिया अनुसार र अन्य तहमा निर्धारित आन्तरिक मूल्याङ्कन प्रक्रियाका आधारमा मूल्याङ्कन गर्ने प्रवन्ध गरिएको छ ।
- सहभागी र सम्बन्धित विद्यालय शिक्षक बीचको समझदारीमा सहजीकरण समय र कार्यतालिका निर्धारित हुने गर्छ ।

२.५.३ अनौपचारिक प्रौढ विद्यालय(१—१० सरह)

- १४ वर्ष माथिका व्यक्तिहरू जसले विद्यालय शिक्षा पूरा गरेका छैनन उनीहरूलाई केन्द्रित गरिएको कार्यक्रम हो ।
- निरक्षरदेखि तह अनुसार निश्चित तह वा कक्षा उत्तीर्ण र विद्यालय शिक्षा पूरा नगरेका व्यक्तिहरू यस कार्यक्रममा सहभागी हुन सक्ने व्यवस्था गरिएको छ ।
- नियमित विद्यालय भन्दा भिन्न स्थान र भौतिक संरचनामा सञ्चालन हुने व्यवस्था छ र यी विद्यालयका रूपमा नै सञ्चालन हुने गर्दछन् ।
- अनौपचारिक प्रौढ विद्यालयहरू पनि तहअनुसार व्यवस्थित गरिएका छन । कक्षा १—५ का लागि तह एक, तह दुई र तह तीन गरी तीन तहमा व्यवस्थित गरिएको छ । त्यसै गरी कक्षा ६—८ का लागि तह एक, तह दुई गरी दुई तह र कक्षा ९—१० का लागि एक वर्षको तह एकमा पूरा हुने गरी पाठ्यक्रमलाई सँश्लेषित गरिएको छ ।
- सिकाइ सहजीकरणका लागि प्रत्यक्ष सम्पर्क सत्र र स्वाध्यायनलाई नै व्यवस्थित गरिएको छ ।
- नियमित विद्यालयका शिक्षक भन्दा भिन्न शिक्षकहरूको प्रवन्ध गरी सिकाइ सहजीकरण हुने व्यवस्था गरिएको छ ।
- औपचारिक विद्यालय संरचनाका प्रक्रिया अनुसार र अन्य तहमा निर्धारित आन्तरिक मूल्याङ्कन गरिने प्रवन्ध रहेको छ ।

## २.६ परम्परगत शिक्षा

### २.६.१ गुरूकूल शिक्षा

संस्कृत भाषा विश्वकै अति प्राचीन भाषा हो । यही भाषामा वेद, पुराण, धर्मशास्त्र, दर्शन, साहित्य, कर्मकाण्ड आदि प्राच्य ज्ञानविज्ञानका समस्त विषयहरू समाहित छन् । समयक्रमसगै वर्तमान समयमा यस भाषाले कथ्य रूपमा भन्दा लेख्य रूपमा आफ्नो वर्चस्व केहीहद सम्म स्थापित गरेको छ । यसको व्याकरण र शब्दभण्डार अत्यन्त परिष्कृत र वैज्ञानिक मानिन्छ । यस भाषाको व्याकरणगत

नियमको पालना तथा शब्दार्थ बोधका लागि सानै कक्षादेखि क्रमबद्ध रूपमा संस्कृतको अध्ययन नगराए पछि गएर जुनसुकै शास्त्रीय विषयको अध्ययन गर्न कठिनाई पर्ने यथार्थतालाई मध्यनजर राखी परम्परागत तवरमा संचालित गुरुकुललाई सुदृढ गर्ने र मूलप्रवाहीकरण गर्ने उदेश्यले  गुरूकूल शिक्षालाई थप व्यवस्थित गर्न नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गुरूकूल शिक्षाको अलगै पाठ्यक्रम विकास गरी कार्यान्वयनमा ल्याएको छ ।

प्रदेशगत रुपमा रहेका गुरुकुलहरुको विवरण देहाय बमोजिम रहेको छ ।

| प्रदेशको नाम | गुरुकुल /आश्रम शै.स. २०७८ | | | | गुरुकुल /आश्रम शै.स. २०७९ | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कक्षा १ -५ | कक्षा १-८ | कक्षा १ -१० | कक्षा १-१२ | कक्षा १ -५ | कक्षा १-८ | कक्षा १ -१० | कक्षा १- १२ |
| प्रदेश १ | २२ | ११ | २ | ० | २३ | १५ | २ | ३ |
| मधेस प्रदेश | १ | ० | ० | ० | १ | ० | ० | ० |
| वाग्मती प्रदेश | २ | ५ | १ | १ | १ | ७ | ० | २ |
| गण्डकी प्रदेश | १ | ५ | १ | ० | १ | ५ | ५ | २ |
| लुम्विनि प्रदेश | ८ | ६ | २ | ० | ५ | ३ | ४ | ० |
| कर्णाली प्रदेश | ० | ० | ० | ० | १ | १ | ० | ० |
| सुदुरपश्चिम प्रदेश | ० | ६ | ० | ० | २ | ३ | ० | ० |
| जम्मा | ३४ | ३३ | ६ | १ | ३४ | ३४ | ११ | ७ |

### २.६.२ मदरसा शिक्षा

इस्लाम दर्शनको आफ्नै विशिष्ट परम्परा रहेको छ । यस दर्शनले सम्पूर्ण चराचर जगत्को मालिकका रूपमा अल्लाहलाई स्वीकारेको छ । अल्लाहको स्तुति र उपासना गर्नु, इस्लाम दर्शनको अध्ययन गर्नु, अल्लाहको आदेश पालना गर्नु, आदेश पालनका निम्ति ज्ञान र विश्वासमा प्रतिबद्ध रहनु जस्ता विषयक्षेत्र इस्लाम धर्म तथा दर्शनका सारपक्ष हुन् । इस्लामका अनुयायीले मेलमिलाप, शान्ति, कुशलता, सहयोग, दान, सहकार्य, संरक्षण इत्यादि मानवीय गुणमा विशेष आधारित आचरण प्रदर्शन गर्छन् । असल र चारित्रिक व्यक्तित्व विकासमा विशेष रूपमा जोड दिएको हुन्छ । यसर्थ धार्मिक शिक्षाको

परिवेशमा सञ्चालित मद्रसा शिक्षाले समग्र व्यक्तित्वको विकासमा मद्धत पुर्याउछ । आस्था तथा आचरणसँग सम्बद्ध इस्लाम धर्म, रीति र परम्पराअनुसारका विषयक्षेत्रलाई समेटी इस्लाम धर्मदर्शनसँग सम्बद्ध विषयवस्तुको आवश्यकता, सान्दर्भिकता, तहगत स्तरीकरण र सन्तुलनका आधारमा विद्यालयको पाठ्यक्रम सँरचना विकास गरी कार्यान्वयनमा ल्याइएको छ ।

प्रदेशगत रुपमा रहेका मदरसाहरुको विवरण देहाय बमोजिम रहेको छ ।

| प्रदेशको नाम | मदरसा शै.स. २०७८ | | | | मदरसा शै.स. २०७९ | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कक्षा १ -५ | कक्षा १-८ | कक्षा १ -१० | कक्षा १- १२ | कक्षा १ -५ | कक्षा १-८ | कक्षा १ -१० | कक्षा १- १२ |
| प्रदेश १ | १४९ | १४ | ४ | ० | १४१ | २८ | ५ | १ |
| प्रदेश २ | २७५ | १० | १ | १ | ३२९ | १४ | २ | ० |
| वाग्मती प्रदेश | २ | १ | ० | ० | ३ | १ | ० | ० |
| गण्डकी प्रदेश | १३ | ० | ० | ० | १३ | ० | ० | १ |
| लुम्बिनि प्रदेश | ४०४ | ११ | ८ | १ | ४०२ | ३८ | ५ | ८ |
| कर्णाली प्रदेश | ० | ० | ० | ० | १ | ० | ० | ० |
| सुदुरपश्चिम प्रदेश | ७ | ० | ० | ० | ९ | ० | ० | ० |
| जम्मा | ८५० | ३६ | १३ | २ | ८९८ | ८१ | १२ | १० |

२.६.३ गोन्पा शिक्षा

गुरुकुल र मदरसा जस्तै नेपालमा परम्परागत रूपमा चल्दै आएका गोन्पा (गुम्बा), शिक्षा प्रणाली मूलतः सम्बन्धित शिक्षा प्रणालीकै आफ्नो निजी प्रयासमा सञ्चालन हुँदै आएका छन् । अन्य परम्परागत शिक्षा प्रणली जस्तै नेपालमा प्राचीन कालदेखि गोन्पा (गुम्बा) शिक्षा प्रणाली विशिष्ट शैक्षिक प्रक्रियाका आधारमा सञ्चालन हुँदै आएको छ । यो शिक्षा पद्धतिले मूलतः बौद्ध दर्शनमा आधारित ज्ञान, सीप र अभिवृत्तिको विकासमा महत्त्व पूर्ण योगदान प्रदान गर्दै आएको छ । यस शिक्षामा धार्मिक अनुष्ठानका अतिरिक्त मानिसको जीवनमा अति आवश्यक पर्ने औषधोपचार विधि, खगोल शास्त्र सम्बन्धी ज्ञान, विभिन्न चित्रकला र मूर्तिकलाका साथै मानव

मस्तिष्कलाई सांसारिक विषय वस्तुबाट क्रमशः हटाई आध्यात्मिक विकासमा जोड दिइन्छ । परापूर्व कालदेखि गोन्पाहरूमा परम्परागत रूपमा लेखिने पौभा, चित्रकलामा विशेषगरी बौद्ध धर्म दर्शनलाई दृश्यात्मक प्रविधिद्वारा साकार चित्रहरूमा व्यक्त गरी सामान्य जनजीवनमा समेत स्पष्ट रूपमा बुझाउने गरिएको पाइन्छ । यसरी बुद्ध धर्म दर्शनमा आधारित गोन्पा शिक्षाले धर्म र अनुशासनलाई अक्षुण्ण राख्दै बुद्ध धर्मका ग्रन्थरत्नहरूको अध्ययन अध्यापनका माध्यमबाट शैक्षिक क्षेत्रमा महत्त्वपूर्ण योगदान पु¥याउँदै आएको छ । यसै पृष्ठभूमिलाई दृष्टिगत गर्दै विश्व शान्तिका अग्रदूत भगवान् बुद्धको अर्ति उपदेश एवम् बौद्ध शिक्षा परम्परालाई आधुनिक परिवेशमा अझ सशक्त रूपमा अध्ययन अध्यापन गर्ने कार्यमा थप योगदान पुर्याउन गोन्पा शिक्षाको पाठयक्रम विकास गरी कार्यान्वयन गरिएको छ ।

प्रदेशगत रुपमा रहेका गोन्पाहरुको विवरण देहाय बमोजिम रहेका छन् ।

| प्रदेशको नाम | गोन्पा शै.स. २०७८ | | | | गोन्पा शै.स .२०७९ | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कक्षा १ -५ | कक्षा १-८ | कक्षा १ -१० | कक्षा १- १२ | कक्षा १ -५ | कक्षा १-८ | कक्षा १ -१० | कक्षा १- १२ |
| प्रदेश १ | २७ | १ | ० | ० | २४ | ६ | ० | ० |
| मधेस प्रदेश | २ | ० | ० | ० | १ | ० | ० | ० |
| वाग्मती प्रदेश | ८ | ४ | २ | ० | ४ | ५ | ६ | ३ |
| गण्डकी प्रदेश | ६ | ४ | २ | ० | ३ | ५ | ६ | ० |
| लुम्बिनि प्रदेश | ० | ० | ० | ० | ० | ० | १ | ० |
| कर्णाली प्रदेश | ० | ० | ० | ० | ० | ० | ० | ० |
| सुदुरपश्चिम प्रदेश | ० | ० | ० | ० | १ | २ | ० | ० |
| जम्मा | ४३ | ९ | ४ | ० | ३३ | १८ | १३ | ३ |

# परिच्छेद तीन

# अनौपचारिक तथा वैकल्पिक शिक्षाको राष्ट्रिय योग्यता प्रारूप

सृष्टीको आरम्भ देखि नै मानव समाजले जीवन र जगतसँगको सान्निध्यताका कारण आर्जन गरेका अनुभव र अनुभूतीको सँगालो र स्थापित भएका संरचनाका माध्यमवाट प्राप्त शिक्षाको समष्ठी ज्ञान हो । जुनसुकै विधि, प्रकृया र माध्यमबाट आर्जित ज्ञान र सीपलाई प्रमाणिकरण र समकक्षताको माध्यमबाट वैधता प्रदान गर्नु आजको आवश्यकता बनेको छ । यही उद्देश्य पूर्तिका खातिर नेपाल सरकारले राष्ट्रिय योग्यता प्रारूप स्वीकृत गरी कार्यान्वयन गर्ने गरी सैद्धान्तिक सहमति प्रदान गरेको छ । यस अनुसार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको नेतृत्व र निर्देशनमा शिक्षा तथा मानवस्रोत विकास केन्द्रले राष्ट्रिय योग्यता प्रारुप (अनौपचारिक शिक्षा) २०७७ तयार गरी कार्यान्वयनको चरणमा रहेको छ । कार्यान्वयनलाई सहजता प्रदान गर्न राष्ट्रिय योग्यता प्रारूप कार्यान्वयन सम्बन्धी विस्तृत प्रतिवेदन २०७८ समेत तयार गरी सकेको छ ।

## ३.१ राष्ट्रिय योग्यता प्रारूपको ढाँचा २०७७

नेपाल सरकारले हालै मात्र राष्ट्रिय योग्यता प्रारूपको ढाँचा स्वीकृत गरी कार्यान्वयनमा जान शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई निर्देश गरेको छ । सरकारबाट स्वीकृत ढाँचाले सवै प्रकारबाट हासिल भएका सिकाइ ज्ञान तथा सीपलाई योग्यता प्रारूपको कार्यान्वयन मार्फत स्तरीकरण, प्रमाणीकरण तथा विभिन्न शैक्षिक धारहरूको पारगम्यता कायम गरी दक्ष, सीपयुक्त र रोजगारमुखी नागरिक तयार गर्ने नीतिगत सङ्कल्प गरेको अवस्था छ ।

राष्ट्रिय योग्यता प्रारूपको ढाँचालाई मिति २०७७।१।१९ मा सैद्धान्तिक स्वीकृति प्रदान गरी नेपाल सरकार मन्त्रिपरिषदबाट बाट राष्ट्रिय योग्यता प्रारूपको ढाँचालाई  कार्यान्वयनमा लैजाने नीतिगत व्यवस्था गरेको छ । यस ढाँचाले कानून बनाउन, संरचनागत व्यवस्था गर्न, कार्यान्वयनका प्रक्रियाहरू निर्धारण गर्न, राष्ट्रिय योग्यता प्रारूपलाई अन्तिम रूप प्रदान गरी समग्र शिक्षापद्दतिलाई व्यवस्थित गर्न आवश्यक जनशक्तिको प्रक्षेपण गर्न,

सैद्धान्तिक सहमती प्रदान गरेर राष्ट्रिय योग्यता प्रारूपलाई व्यवस्थित गर्ने नीतिगत व्यवस्था समेत गरेको छ ।

सवै प्रकारका शिक्षामा समतामूलक पहुँच सुनिश्चत गर्ने, गुणस्तर सुधार र व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्ने, व्यावसायिक रोजगारमूलक सीपमूलक तथा गुणस्तरीय शिक्षा मार्फत दक्ष, प्रतिस्पर्धि, उद्यमी र सामाजिक रूपान्तरणमा सक्रिय योगदान गर्न सक्ने नागरिक तयारीका लागि योग्यता प्रारूपलाई व्यवस्थित गर्ने सोचका साथ प्रारुपको ढाँचालाई  अगाडी बढाएको अवस्था देखिन्छ । त्यसैगरी राष्ट्रिय शिक्षा प्रणाली तथा योग्यताको प्रमाणीकरणलाई अन्तर्राष्ट्रिय क्षेत्रमा पनि मान्यता पाउने अवस्थासहितको नविनतम सोचका साथ योग्यता प्रारूपलाई अगाडि बढाइएको छ ।

यथार्थमा प्रारूपको कार्यान्वयनलेः—

- सबैप्रकारको शिक्षाको पहुँचलाई सहज बनाउन सिकाइलाई बढी लचिलो बनाउने,
- सान्दर्भिक एवम् गुणस्तरीय बनाउने,
- एक प्रकारको शैक्षिक धारबाट अर्को प्रकारको शैक्षिक धारमा प्रवेश गर्ने अवस्था सिर्जना गर्ने,
- अनौपचारिक रूपमा हासिल ज्ञान, सीप तथा योग्यताको प्रमाणीकरण गरी औपचारिक शिक्षामा प्रवेश हुने अवस्था सिर्जना गर्ने,
- योग्यता प्रमाणीकरण गर्ने प्रणाली स्थापना गर्ने,
- विभिन्न प्रकारका समस्या तथा वाधाहरूबाट सिकाइ गर्न नसकेका सिकारूहरुको शैक्षिक निरन्तरता प्रदान गर्ने,
- शिक्षा र श्रमबजारविच प्रत्यक्ष सम्बन्ध स्थापित गरी शिक्षालाई थप व्यवस्थित गर्ने अपेक्षा राखिएको छ,

योग्यता प्रारूप ढाँचाले प्रारूप कार्यान्वयनका लागि केही व्यवस्था अनिवार्य हुने गरी प्रक्रियासमेत स्वीकृत गरेको छ । जसअनुसार राष्ट्रिय योग्यता प्रारूप विकास गर्नु पर्ने छ । प्रारूप अनुसार प्रमाणीकरण गर्ने कार्यलाई वैधता प्रदान गर्न आवश्यक कानुनी व्यवस्था गरी कार्यान्वयनमा ल्याउनु पर्ने छ । प्रारूप कार्यान्वयनका लागि अत्यावश्यक संरचना तयार गरी आवश्यक जनशक्ति व्यवस्थापन र तिनको क्षमता विकास

गर्नु पर्ने छ । प्रमाणीकरण सम्बन्धी व्यवस्थाकालागि प्रमाणीकरण परीक्षणको प्रकार, परीक्षण तालिका जस्ता पक्षहरू यकिन गरी कार्यान्वयनमा ल्याउनु पर्ने छ । यी सबै कार्यहरूका लागि अत्यावश्यक संस्थागत तथा पेशागत सक्षमता विकास गरी राष्ट्रिय योग्यता प्रारूपलाई कार्यान्वयनमा ल्याउनु पर्ने अवस्था रहेको छ। स्वीकृत ढाँचाले तत्काल राष्ट्रिय योग्यता प्रारूप कार्यान्वयनलाई कानुनी वैधता दिन अत्यावश्यक कानुन निर्माण गर्ने, कानुन अनुसारको कार्य सम्पन्न गर्न आवश्यक संरचना विकास गर्ने, विकसित संरचना अनुसार प्रारूपले निर्दिष्ट गरे अनुसारका प्राविधिक कार्य गर्न सक्षम जनशक्ति तयार गर्ने र प्रमाणीकरण परीक्षण जस्ता कार्यहरूलाई निरन्तरता दिने कार्यतालिका तयार गरी अगाडी बढ्न स्पष्टरूपमा निर्दिष्ट गरेको देखिन्छ ।

### ३.२ राष्ट्रिय योग्यता प्रारूप २०७७ अनौपचारिक तहः—

राष्ट्रिय योग्यता प्रारूपले तय गरेको तहगत व्यवस्था अनुसार तह ३ सम्मको योग्यता प्रारूप तयार गरेको छ । यसले विद्यमान पाठ्यक्रमले तय गरेको कक्षा १ देखि ८ सम्मका सक्षमता तथा सिकाइ उपलब्धिहरू हासिल हुने गरी सिकाइका क्षेत्रहरू प्रत्येक सिकाइ क्षेत्रका सक्षमता मापदण्ड हासिल गर्न अत्यावश्यक विषयवस्तु तथा मूल्याङ्कनका आधारहरू समेत तय गरी खुला तथा वैकल्पिक रूपमा अध्ययन गर्न सहज भएको छ ।

### ३.३ सिकाइ क्षेत्र र तहगत सक्षमता

यस प्रारूपले प्रस्ताव गरेको तिनै तहको वैकल्पिक सिकाइ क्षेत्र तथा सक्षमताहरूलाई व्यावहारिक अनुभव, समय वा सन्दर्भ अनुरूप परिमार्जन गर्दै जान सकिन्छ । तह १ देखि ३ सम्म सञ्चार तथा आधुनिक प्रविधि; समस्या समाधान तथा समालोचनात्मक चिन्तन; आफू, समाज र नागरिक चेतना; अवसर, साधन र स्रोतको दिगो उपयोग एवम् जगतप्रतिको दृष्टिकोण र बृहद् परिदृश्य गरी पाँच ओटा सिकाइ क्षेत्रहरू रहने छन् । ती सिकाइ क्षेत्रअन्तर्गत देहायका तहगत सक्षमताहरू रहने छन्ः

<u>तहः १</u>

(१) विभिन्न माध्यमबाट व्यक्त भएका साधारण विषयवस्तुको बोध तथा प्रतिक्रिया

(२) मातृभाषा र अङ्ग्रेजी भाषाका वर्ण र साधारण शब्दको पहिचान गरी अर्थ बोध

(३) सूचना तथा सञ्चार प्रविधिको परिचय तथा प्रयोग

(४) दैनिक जीवनका साधारण व्यावहारिक समस्याको गणितीय सिपको प्रयोगबाट समाधान

(५) सरल व्यावहारिक समस्या समाधानका लागि तथ्यपरक उपाय पहिचान र प्रयोग

(६) स्वास्थ्य र सुरक्षाप्रति सचेत भई बचाउ र उपचारका उपाय पहिचान

(७) परिवेश पहिचान गरी आफ्नो समुदायको भौगोलिक, सामाजिक, आर्थिक, शासकीय र सांस्कृतिक अवस्थाको प्रस्तुति

(८) ऐतिहासिक महत्त्वका स्थानीय सम्पदा एवम् संस्कृतिको संरक्षण र संवर्धनका साथै राष्ट्रिय विभूति र घटनाहरूले राष्ट्र निर्माणमा पुर्‍याएका योगदानको पहिचान र बोध

(९) मानवअधिकार, सामाजिक सद्भाव र समावेशी सिद्धान्तको प्रस्तुति

(१०) परिवारका सदस्यहरूले अवलम्वन गरेका काम वा पेसा व्यवसायको सम्मान तथा प्रतिफलको सही उपयोग

(११) रुचि, क्षमता, बजार, आयआर्जनसमेतका आधारमा आफूले अवलम्बन गर्न चाहेको सम्भाव्य पेसा वा व्यवसायहरूको पहिचान

(१२) मानव र प्रकृतिबिचको सन्तुलित र असन्तुलित सम्बन्धले पारेको प्रभावको व्याख्या एवम् प्रस्तुति

(१३) सामाजिक न्याय पर्बद्धनका स्थानीय अनुभवहरूको विवेचना तथा प्रस्तुति

(१४) विभिन्न सामाजिक समुदायहरूको सहिष्णुता विश्लेषण तथा सामाजिक सद्भावका उपायहरूको प्रस्तुति

(१५) विगतमा स्थानीय तहमा अनुभव गरेका द्वन्द्वका कारणहरू र निराकरणका उपायहरूको विश्लेषण

तहः २

(१) विभिन्न माध्यमबाट व्यक्त भएका साधारण विषयवस्तु बोध तथा उपयुक्त तवरले सञ्चार

(२) अङ्ग्रेजी भाषाका सरल वाक्य प्रयोग र अभिव्यक्ति

(३) सूचना तथा सञ्चार प्रविधिको महत्त्व र प्रयोग

(४) दैनिक जीवनका व्यावहारिक समस्यालाई गणितीय सिपको प्रयोग गरी समाधान

(५) सरल व्यावहारिक समस्याहरूलाई तथ्यपरक रूपले पहिचान र समाधान

(६) स्वास्थ्य र सुरक्षाप्रति सचेत भई बचाउ र उपचारका उपाय अवलम्बन

(७) परिवेश विश्लेषण गरी प्रादेशिक तहको भौगोलिक, सामाजिक, आर्थिक, शासकीय र सांस्कृतिक अवस्थाको प्रस्तुति र उपयोग

(८) ऐतिहासिक महत्त्वका प्रादेशिक सम्पदा एवम् संस्कृतिको संरक्षण र संवर्धनका साथै राष्ट्रिय विभूति र घटनाहरूले राष्ट्र निर्माणमा पुर्याएका योगदानको विवेचना

(९) मानवअधिकार, सामाजिक सद्भाव र समावेशी सिद्धान्त विश्लेषण

(१०) समुदायका जातजातीले अवलम्बन गरेका पेसा व्यवसायको सम्मान र त्यसबाट उपलब्ध प्रतिफलको सही उपयोग

(११) इच्छाएको पेसा वा व्यवसायको छनोट र सो सम्बन्धी प्रारम्भिक सिप विकास

(१२) प्राकृतिक स्रोत साधनको अतिक्रमणले सृजित परिवेशको विश्लेषण

(१३) सामाजिक न्याय प्रवर्द्धनका लागि प्रादेशिक तहमा भएका व्यक्तिगत र संस्थागत प्रयासका अनुभवहरूको विवेचना

(१४) सामाजिक सद्भाव प्रवर्द्धनका लागि कार्ययोजना निर्माण

(१५) विगतमा राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा अनुभव गरेका द्वन्द्वका कारणहरू र निराकरणका उपायहरूको विवेचना

<u>तहः ३</u>

(१) विभिन्न माध्यमबाट व्यक्त भएका साधारण विषयवस्तु बोध र तर्कपूर्ण सञ्चार

(२) अङ्ग्रेजी भाषाका सरल वाक्य प्रयोग गरी अन्तर्क्रिया

(३) सूचना तथा सञ्चार प्रविधि र सामाजिक सञ्जाललाई दैनिक जीवनमा उपयोग

(४) दैनिक जीवनका व्यवहारिक विविध समस्यालाई गणितीय सिपको प्रयोग गरी समाधान

(५) सरल व्यावहारिक समस्याहरूलाई तथ्यपरक पहिचान र योजनाबद्ध रूपमा समाधान

(६) स्वास्थ्य र सुरक्षाप्रति सचेत भई बचाउ र उपचारका उपाय प्रभावककारी रूपमा अवलम्बन

(७) सार्क स्तरसम्मको भौगोलिक, सामाजिक, आर्थिक, शासकीय र सांस्कृतिक अवस्थाको विशलेषण, स्रोत तथा सेवाको समानुपातिक प्रयोगका लागि पैरवी र उपयोग

(८) ऐतिहासिक महत्त्वका राष्ट्रिय सम्पदा एवम् संस्कृतिको संरक्षण र संवर्धनका साथै राष्ट्रिय विभूति र घटनाहरूले राष्ट्र निर्माणमा पुर्याएका योगदानको विवेचना

(९) मानवअधिकार, सामाजिक सद्भाव र समावेशी सिद्धान्तको विवेचना र अनुसरण

(१०) कामको सम्मान गरी प्रतिफलको सही उपयोग, नीतिगत व्यवस्थाको कार्यान्वयको वकालत तथा पैरवी

(११) छनोट गरिएको पेसा वा व्यवसायका लागि योजनाबद्ध दक्षता अभिवृद्धि

(१२) दिगो विकासका लागि प्राकृतिक स्रोत साधनको संरक्षण र संवर्धन

(१३) सामाजिक न्याय प्रवर्द्धनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा भएका व्यक्तिगत र संस्थागत प्रयासका अनुभवहरूका आधारमा सोको प्रवर्द्धनमा सरिक

(१४) सामाजिक सद्भाव प्रवर्द्धनको कार्ययोजना कार्यान्वयन

(१५) द्वन्द्वको राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रभावहरू उल्लेख र द्वन्द्व व्यवस्थापन कार्यमा सहभागी

### ३.४ राष्ट्रिय योग्यता प्रारूप कार्यान्वयन सम्बन्धी विस्तृत प्रतिवेदन २०७८:

शिक्षा तथा मानवस्रोत विकास केन्द्रले राष्ट्रिय योग्यता प्रारूप कार्यान्वयनका लागि सहजीकरण गर्ने प्रयोजनका लागि यो प्रतिवेदन तयार गरेको हो । यसले मूलत समग्र योग्यता प्रारूपको कार्यान्वयनलाई व्यवस्थित गर्न अन्तरिम तथा दीर्घकालीन व्यवस्थाका लागि सुझावहरू प्रस्तुत गरेको छ ।

अन्तरिम व्यवस्थाका लागि प्रतिवेदनले देहायवमोजिमका सुझावहरू प्रस्तुत गरेको छ:

- राष्ट्रिय योग्यता प्रारूप सम्बन्धमा समान धारणाको विकास गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा तर्फको राष्ट्रिय योग्यता प्रारूप विच सह—सम्बन्ध स्थापित गर्ने ।
- तहगत सक्षमता विकास गर्ने ।
- ब्रिज कोर्ष सञ्चालन गर्ने निकायको स्वीकृति र गुणस्तर व्यवस्थापन गर्ने ।
- सुपरीवेक्षण तथा मूल्याङ्कन पद्दतिलाई संस्थागत गर्ने ।

- अनौपचारिक शिक्षा तर्फ कार्यक्रम सञ्चालन गर्ने निकाय तथा कार्यक्रमहरूको नक्शाङ्कन गर्ने ।
- राष्ट्रिय योगयता प्रारूपसम्बन्धी व्यवस्थाको वृहतरूपमा प्रचारप्रसार गर्ने ।
- कानून निर्माण गर्ने ।
- सान्दर्भिक कानून, नियमावलीहरूको संशोधन गर्ने ।
- राष्ट्रिय योग्यता प्रारूप कार्यान्वयन निर्देशिका विकास गरी कार्यान्वयनमा ल्याउने ।
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतका सम्बन्धित सवै निकायहरूको कार्यविवरण परिमार्जन र संशोधन गर्ने ।
- समन्वय, सहकार्य तथा सहजीकरणको आवश्यक प्रवन्ध गर्ने ।
- प्रमाणीकरण सम्बन्धी व्यवस्थाका लागि गर्नुपर्ने कार्यहरूः—

– प्रक्रिया तय गर्ने,

– परीक्षक तथा सम्परीक्षकहरूको व्यवस्था गर्ने,

– प्राविधिक सीप तथा दक्षता परीक्षण गर्ने,

– निकाय वा प्रतिष्ठानको चयन गर्ने,

– परीक्षणका लागि तहगत रूपमा सक्षमता मापदण्ड तयारी र प्रवोधीकरण गर्ने,

– पूर्व सिकाइको परीक्षण तथा प्रमाणीकरण सम्बन्धी व्यवस्था गर्ने,

– प्रमाणीकरणको निर्णय र प्रमाण पत्र जारी गर्ने,

- विद्यालय र सामुदायिक सिकाइ केन्द्र तहबाट गरिने योग्यता प्रमाणीकरण सम्बन्धी व्यवस्था कार्यान्वयनमा ल्याउने ।
- स्थानीय सरकारमा आधारित योग्यता परीक्षण तथा प्रमाणीकरणको व्यवस्था गर्ने ।
- सिकाइ सामग्री (छापा तथा विद्युतीय) विकास गरी तिनको सर्वसुलभता कायम गर्ने ।
- अनलाइनमा आधारित सिकाइ कार्यक्रम विकास गरी सर्वसुलभ गराउने ।
- अनौपचारिक शिक्षा तर्फको पाठ्यक्रम तथा सिकाइ सामग्रीमा सुधार गर्ने ।

- पुस्तकालयको व्यवस्था गर्ने ।
- ब्रिजकोर्ष तयारी गर्ने ।
- योग्यता प्रारूप कार्यान्वयनका लागि आर्थिक व्यवस्थापन गर्ने आदि ।

त्यसै गरी विस्तृत प्रतिवेदनले राष्ट्रिय योग्यता प्रारूपको दीर्घकालीन सुझावहरू समेत प्रस्तुत गरेको छः—

- छुट्टै कानून निर्माण गरी अधिकार सम्पन्न राष्ट्रिय योग्यता प्रारूप वोर्ड गठन गर्ने ।
- प्रदेश प्रारूप वोर्ड गठन गर्ने ।
- स्थानीय तहमा समन्वय एकाइको व्यवस्था गर्ने ।
- सङ्गठन तथा व्यवस्थापन सर्भे सम्पन्न गर्ने ।
- संरचनागत व्यवस्थाको सुनिश्चितता गर्ने ।
- आवश्यक जनशक्ति व्यवस्थापन गर्ने ।
- आवश्यकतामा आधारित सक्षमता विकास योजना तयारी र कार्यान्वयवन गर्ने ।
- शिक्षा तथा तालिम सञ्चालन प्रक्रियामा सुधार गर्ने ।
- सार्वजनिक निजी साझेदारी विकास गरी निजी क्षेत्रको सहभागिता बढाउने ।
- सार्वजनिक तथा निजी स्रोतमा सञ्चालित उद्योगहरूको नक्शाङ्कन गर्ने ।
- अन्तर्राष्ट्रिय सहसम्बन्ध विकासलाई प्राथमिकता दिने ।

### ३.५ योग्यता प्रारूप तह ३ अनुसार अनौपचारिक तर्फका सिकाइ सामग्रीः—

शिक्षा तथा मानवस्रोत विकास केन्द्रले राष्ट्रिय योग्यता प्रारूप अनुसार अनौपचारिक तथा वैकल्पिक शिक्षाका सिकाइ सामग्रीहरु विकास गर्ने कार्यको थालनी गरेको छ । राष्ट्रिय योग्यता प्रारुपले तय गरेका सक्षमता र सिकाइ उपलब्धिमा आधारित भइ विभिन्न तहका विभिन्न सिकाइ सामग्रीहरू विकास गरी परीक्षण समेत गरेको छ । यसरी विकसित सामग्रीहरूका आधारमा वैकल्पिक विधिबाट सिक्न चाहने व्यक्तिहरूले स्व सिकाइ गर्न सक्ने र उनीहरूको सिकाइलाई परीक्षण तथा प्रमाणीकरण गर्ने कामको थालनीका लागि आवश्यक पूर्वाधार विकास गरेको छ । अनौपचारिक तथा वैकल्पिक शिक्षाका लागि सिकाइ सामग्रीमा सवैको पहुँच पुगोस र

सबै निकायहरुबाट सञ्चालित हुने वैकल्पिक शिक्षाका कार्यक्रमहरुमा एकरुपता ल्याउन र तोकिएका सक्षमता हासिल गर्न विद्युतीय सिकाइ सामग्रीहरुको विकास गरी तिनको पहुँच विस्तार गर्ने कार्यलाई शिक्षा तथा मानवस्रोत विकास केन्द्रले उच्च प्राथमिकता दिनेछ ।

### ३.६ योग्यता प्रारूप तह ४ सिकाइ सक्षमताः—

शिक्षा तथा मानवस्रोत विकास केन्द्र राष्ट्रिय योग्यता प्रारूप अनुसार तह चारको सिकाइ सक्षमता तथा मापदण्ड तयारीका क्रममा रहेको छ । यसबाट औपचारिक शिक्षा हासिल गर्न नसकेका वा नपाएका व्यक्तिहरूलाई बैकल्पिक शिक्षाको माध्यमबाट शैक्षिक निरन्तरता प्रदान गर्न थप मदत पुग्न जान्छ । यसलाई पूर्णता दिइ सिकारूका लागि अत्यावश्यक सिकाइ सामग्री विकास गरी कार्यान्वयनमा जाने योजनाका साथ कार्यहरू सुरू भएका छन् ।

# परिच्छेद- चार

# अनौपचारिक तथा वैकल्पिक शिक्षा व्यवस्थापन समस्या तथा भावी कार्य दिशा

वैकल्पिक शिक्षाका सन्दर्भमा केही समस्याहरू पनि रहेका छन् । समस्याहरूको समाधान गर्दै वैकल्पिक शिक्षालाई व्यवस्थित गर्न जरूरी हुन्छ । राष्ट्रिय योग्यता प्रारूप कार्यान्वयनको चरणमा छ । यसले पनि अनौपचारिक तथा वैकल्पिक शिक्षाको विकास तथा प्रवर्धनमा थप सहजीकरण गर्छ । दिगो विकास लक्ष्य २०३० अनुसारको शिक्षाको लक्ष्य हासिल गर्न पर्ने अवस्था छ । यसका लागि पनि अनौपचारिक तथा वैकल्पिक शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन जरूरी छ । एकीकृत स्वरूपमा कार्यढाँचा विकास गरी अनौपचारिक तथा वैकल्पिक शिक्षालाई व्यवस्थापन गर्न र सहजीकरण गर्न उपयोगी सामग्रीका रूपमा यो परिच्छेदमा समस्या तथा भावी दिनमा लिन सकिने व्यवस्थापन कार्यदिशाका बारेमा संक्षेपमा उल्लेख गरिएको छ ।

### ४.१ समस्याहरू

अनौपचारिक तथा वैकल्पिक शिक्षा सम्वन्धी निम्न चुनौतीहरू विद्यमान रहेका छन:

१ अबधारणागत अस्पष्टता ।

२. आजीवन सिकाइको सहज एवम सर्वसूलभ पहूँच सु्निश्चित गर्ने ।

३. अनौपचारिक स्वरूपमा सञ्चालित सवै प्रकारका शिक्षालाई एकिकृत पद्धति मार्फत व्यवस्थित गर्ने ।

४.प्रविधियुक्त कार्यक्रम सिकाई तथा समकक्षता व्यवस्थापन गर्ने ।

५.परम्परागत शिक्षाको सुदृढ व्यवस्थापन, प्रवन्धन तथा प्रमाणीकरण गर्ने ।

६. सिकाई केन्द्रित अनौपचारिक शिक्षा विकास कार्यक्रमहरू संञ्चालन तथा व्यवस्थापन गर्ने।

७. एकिकृत सूचना तथा तथ्याङ्क व्यवस्थापन र उचित प्रयोग गर्ने ।

८. सामुदायिक सिकाई केन्द्रको संस्थागत सुदृढीकरण गर्ने ।

९. शैक्षणिक स्वाध्यायन सामग्री विकास र तिनको सर्वसुलभता कायम गर्ने ।

१०. अन्तर निकाय  समन्वय तथा सहकार्य गर्ने ।

११. राष्ट्रिय योग्यता प्रारूप अनुसार अनौपचारिक शिक्षाको ज्ञान, सीप तथा अभिवृत्तिको परीक्षण, प्रमाणीकरण तथा समकक्षता प्रदान गर्ने ।

१२. पर्याप्त स्रोत तथा साधनको सुनिश्चितता गर्ने ।

१३. डिजिटल सिकाई सामग्री विकास गर्ने ।

१४.न्यूनतम मापदण्डमा आधारित सामुदायिक सिकाई केन्द्र र वैकल्पिक शिक्षाको व्यवस्था गर्ने आदि ।

उपर्युक्त समस्याहरूको निराकरण गरी अनौपचारिक तथा वैकल्पिक शिक्षालाई थप व्यवस्थित गर्न जरूरी छ । यसका लागि नीतिगत पक्ष, वैकल्पिक शिक्षाको समग्र व्यवस्थापन, सिकाइ सहजीकरण र यसको व्यवस्थापन, विद्यालय सञ्चालनका आधार, पाठ्यक्रम तथा सिकाई सामग्री व्यवस्थापन, वैकल्पिक शिक्षा सञ्चालन विधि तथा प्रक्रिया, सिकाइका लागि जनशक्ति व्यवस्थापन, सिकाइको अनुगमन तथा मूल्याङ्कन लगायतका उपक्षेत्रहरूमा विशेष ध्यान दिनु पर्छ ।

## ४.२ अनौपचारिक तथा वैकल्पिक शिक्षा सञ्चालन तथा व्यवस्थापनका नीतिगत आधारहरु

क) लचिलो शैक्षिक प्रावधानका आधारमा प्राज्ञिक, पेसागत, तथा व्यावहारिक कार्य कौशलका लागि उपयोगी ज्ञान, सीप तथा अभिवृत्ति विकास गरि निरन्तर सिकाइप्रति सिकारूलाई प्रतिवद्ध गराउने ।

ख) अनौपचारिक, अरितिक वा जीवन्त अनुभववाट हासिल सिकाइलाई आधिकारिक निकायवाट राष्ट्रिय योग्यता प्रारूपले निर्दिष्ट गरे अनुसार परीक्षण तथा प्रमाणीकरण गरी औपचारिक शिक्षा, प्राविधिक शिक्षाका तह वा कक्षा सरहको समकक्षता प्रदान गरिने ।

ग) अनौपचारिक तथा वैकल्पिक शिक्षा र परम्परागत शिक्षा गरी दुई प्रकारका  वैकल्पिक विद्यालयहरूलाई कक्षा १ देखि १२ सम्म राष्ट्रिय योग्यता प्रारूपले तय गरेको तहगत सहमति अनुसार सञ्चालन तथा व्यवस्थापन गरिने ।

घ) अनौपचारिक वैकल्पिक विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि सहजकर्ताको व्यवस्थापन, पाठ्यक्रम तथा स्वाध्यायन सामग्री विकास गर्दा लैङ्गिक सन्तुलन तथा समाबेसी शिक्षाका आधारभूत पक्षहरूलाई मूल प्रवाहीकरण गरिने ।

ङ) अनौपचारिक वैकल्पिक विद्यालय शिक्षाका लागि उपयोगी सिकाइ सामग्री विकास, परीक्षण तथा प्रवोधीकरण गरी तिनको सर्वसुलभता सुनिश्चित गरिने र क्रमशः विद्युतीय सिकाइ सामग्री विकास गर्दै जाने ।

च) राष्ट्रिय योग्यता प्रारूपले गरेको तहगत व्यवस्था तथा पारगम्यताका आधारमा अनौपचारिक शिक्षा र प्राविधिक धारबाट सञ्चालित शिक्षाको तह र कक्षामा समकक्षता कायम गर्ने गरी एक धारबाट अर्को धारमा प्रवेश पाउने गरी सक्षम बनाउन व्यावसायिक सीप विकासका पक्षहरूका लागि अत्यावश्यक न्यूनतम ज्ञान सीपलाई अनौपचारिक तथा वैकल्पिक शिक्षामा समायोजन गरिने ।

छ) सामुदायिक अध्ययन केन्द्रको सुदृढीकरण गरी अनौपचारिक वैकल्पिक शिक्षाको व्यवस्थापनका लागि क्रमशः प्रयोगमा ल्याई निश्चित तहसम्मको वैकल्पिक शिक्षाका लागि जिम्मेवार र जवाफदेही वनाइने ।

ज) अनौपचारिक वैकल्पिक शिक्षाको प्रभावकारीता एवम् स्थानिय स्रोत तथा साधन परिचालनका लागि विभिन्न निकाय सामाजिक संधसस्थाहरूसँग समन्वय र सहकार्य गरी उपलब्ध स्रोत र साधनको उच्चतम उपयोग गरिने ।

झ) अनौपचारिक वैकल्पिक शिक्षाको सूचना तथा व्यवस्थापनहरूलाई थप सुदृढ गरिने ।

ञ) वैकल्पिक पहुँचका लागि व्यवस्थापन सञ्चालन हुँदै आएका विद्यालयलाई एकै किसिमको व्यवस्थापन र एकीकृत तहगत संरचनामा सञ्चालन गर्ने ।

ट) साधारण र परम्परागत दुवैधारका शिक्षा दिने विद्यालयको संरचनागत तह कक्षा १२ सरह हुनेगरी विस्तार गर्ने आधार तयार पार्ने ।

ठ) तल्लो तह र माथिल्लो तहका पाठ्यक्रम, सिकाइस्तर तथा सक्षमताहरू बीच समतलीय र लम्बीय सम्बन्ध स्पष्ट पार्ने ।

## ४.३ वैकल्पिक विद्यालय शिक्षण सिकाइ रणनीति

अनौपचारिक तथा वैकल्पिक शिक्षामा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा देहायबमोजिमका शैक्षणिक रणनीतिहरू अवलम्बन गर्नु पर्छः

१) सिकारूको सिकाइप्रति ध्यान आकर्षण गर्ने ।

२) सिकारू स्वयमलाई सिकाइ प्रक्रियामा बढी भन्दा बढी सक्रिय गराउने ।

३) सिकाइलाई उनीहरूको जीवन्त अनुभवसँग आवद्ध गर्ने ।

४) प्रभावकारी सिकाइ वातावरण सिर्जना गर्ने ।

५) पर्याप्त सिकाइ सामग्री सहितको सिकाइ कुना वा कोठाको व्यवस्था गरी त्यसको सहज पहुँच सुनिश्चित गर्ने ।

६) सिकारूलाई बढी भन्दा बढी परियोजना कार्य, समूह कार्य, खोज तथा लघु अनुसन्धान जस्ता सिकाइ विधि प्रयोग गरी सिक्न उत्प्रेरित गर्ने ।

७) सिकारूको अनुभव प्रस्तुत गर्न लगाउने र अनुभवमा आधारित ज्ञान तथा सीपलाई सिकाइ उपलब्धिसँग वा सक्षमतासँग जोड्ने ।

८) सहपाठी सिकाइ समूह तयार गरी अन्तरक्रियात्मक तथा छलफलमा आधारित सिकाइलाई प्रोत्साहित गर्ने ।

९) सिकारूको सहकार्यमा सिकाइ योजना तयार गर्ने लगाउने ।

१०) सिकारू स्वयमलाई सिकाइ क्रियाकलाप सहजीकरणको अवसर प्रदान गर्ने ।

११) सिर्जनात्मकता प्रवर्धन गर्न चित्रात्मक प्रस्तुति,कथा बाचन, कविता सिर्जना,गायन तथा सूचना र प्रविधिमा आधारित हुने गरी सिकाइ सहजीकरण गर्ने ।

१२) अपाङ्गता भएका बालबालिकाका लागि अत्यावश्यक सिकाइ सामग्री विकास गरी प्रयोगमा ल्याउने र उनीहरूलाई अपाङ्गताको प्रकार अनुसार सिकाइ क्रियाकलापमा सहभागि गराउने ।

१३) समावेशी सिकाइलाई कार्यव्यवहारमा ल्याउने ।

### ४.४ सिकाइ विधि तथा प्रक्रिया

सबैका लागि शिक्षाको अवसर प्रदान गर्न औपचारिक शिक्षाका साथै अनौपचारिक तथा वैकल्पिक शिक्षाको व्यवस्था महत्त्वपूर्ण हुन्छ । सिकारुहरूले उनीहरूको रुचि, इच्छा र आवश्यकताअनुसार अनौपचारिक तथा वैकल्पिक शिक्षाका विभिन्न विधि तथा प्रक्रियाहरू अवलम्बन गरी शिक्षा आर्जन गर्न सक्ने छन् । आवश्यकताअनुसार विभिन्न सिकाइ मोड्युलहरू विकास गरिने छ । सिकाइलाई निरन्तरता दिनका लागि देहायका विधि तथा प्रक्रिया अवलम्बन गर्न सकिन्छः

#### (क) प्रत्यक्ष कक्षा सञ्चालनः

अनौपचारिक तथा वैकल्पिक शिक्षामा सिकारुले आफ्नो आवश्यकताअनुरूप सिकाइ गर्नका लागि प्रत्यक्ष कक्षामा सहभागी भई सिक्न सक्छन् । सहभागीहरूको आवश्कतालाई ध्यानमा राखी सामुदायिक सिकाइ केन्द्र तथा अन्य सरकारी / गैरसरकारी सङ्घ संस्थाहरूले प्रत्यक्ष कक्षा सञ्चालन गर्न सक्छन् ।

#### (ख) दूर तथा खुला सिकाइः

सिकारुहरूले दूर तथा खुला सिकाइका माध्यमबाट पनि ज्ञान तथा सिप आर्जन गर्न सक्छन् । सरकारी तथा गैर सरकारी सङ्घसंस्थाहरूबाट सञ्चालन हुने दूर तथा खुला सिकाइ कार्यक्रमका अवसरहरूमा सिकारुहरूको सहज पहुँको व्यवस्था मिलाउन सकिन्छ । यसका लागि राष्ट्रिय स्तरको रेडियो, टेलिभिजन तथा स्थानीय एफएम रेडियोबाट कार्यक्रम विकास गरी प्रशारणको व्यवस्था मिलाउन सकिन्छ ।

#### (ग) इ लर्निङः

सिकारुहरूले आफ्नो मोबाइल तथा डिजिटल उपकरण ल्यापटप, ट्याब आदिबाट सिकाइ गर्न सक्ने भएकाले सिकाइ सामग्रीहरू पाउन सक्ने स्रोतका विषयमा जानकारी पाउन सक्ने व्यवस्था हुनुपर्छ । इन्टरनेटको प्रयोगबाट सिकाइ सामग्री खोज्ने तौर तरिकाका विषयमा वा स्रोतहरूका विषयमा सजिलै जानकारी पाउन सक्ने व्यवस्था हुन आवश्यक छ । केन्द्र, प्रदेश तथा स्थानीय तहहरुबाट साक्षरता निरन्तर शिक्षाका इ सिकाइ सामग्रीहरुको विकास गरी प्रयोगमा सहजता प्रदान गर्न सकिनेछ । जस्तै मोवाइल एप्स, इ लाइबेरी आदि ।

#### (घ) स्वअध्ययनः

सिकारुले स्थानीय तहमा तथा सामुदायिक सिकाइ केन्द्रमा स्थापना गरिएका पुस्तकालयहरूमा गई स्वाध्ययन गरी सिकाइ गर्छन् । त्यसैले अनौपचारिक शिक्षामा सिकारुका लागि आवश्यक स्वाध्ययन सामग्रीहरू सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरूबाट विकास गरी स्थानीय तहमा स्थापना गरिएका पुस्तकालयहरूमा उपलब्ध हुने व्यवस्था गर्न पनि आवश्यक छ ।

#### (ङ) अवलोकनः

अनौपचारिक शिक्षामा सिकारुले विभिन्न घटना, अवस्था, कार्य, परिदृश्य आदिको अवलोकनबाट पनि सिकाइ गर्छन् । अवलोकनबाट हुने सिकाइलाई व्यवस्थित बनाउने तौरतरिकाका विषयमा सिकारुले जानकारी हासिल गर्ने अवसर दिनुपर्छ । यसका लागि अवलोकन सिपसम्बन्धी अध्ययन सामग्रीहरूको उपलब्धता आवश्यक छ ।

### (च) घटना अध्ययन तथा अनुभव आदनप्रदानः

अनौपचारिक शिक्षामा सिकारुले घटना अध्ययन तथा अनुभव आदन प्रदानबाट सिकेका हुन्छन् । आफ्नो परिवारका सदस्यहरू, छिमेकीहरू, विज्ञहरूसँगको छलफलबाट, बैठकहरूमा अनुभव आदनप्रदान कार्यबाट सिकारुले सिक्न सक्छन् ।

### (छ) तालिमबाट सिकाइः

अनौपचारिक शिक्षामा सिकारुले विभिन्न तालिममा सहभागी भई विभिन्न ज्ञान तथा सिपहरू हासिल गर्छन् । त्यस्ता ज्ञान तथा सिपहरू जीवनोपयोगी तथा व्यवहारोपयोगी हुन्छन् ।

### (ज) सिर्जनात्मक अभ्यासः

अनौपचारिक शिक्षामा सिकारुहरू पेन्टिङ, कागजको काम, फूलवबरी बनाउने, काठमा बुट्टा हान्ने, चित्रकला, मूर्तिकला आदि विभिन्न सिर्जनशील कामहरूमा सहभागी भई महत्त्वपूर्ण सिपहरू हासिल गर्छन् ।

### (झ) सामाजिक वहस तथा अन्तर्क्रियाः

अनौपचारिक शिक्षामा सिकारुहरू विभिन्न सामाजिक कार्यकलापहरूमा सहभागी हुन्छन् । यस क्रममा उनीहरू विभिन्न बहस तथा अन्तक्रियामा सहभागी हुन्छन् । यसबाट उनीहरूमा प्रशस्त सिकाइ हुन्छ ।

### (ञ) दैनिक जीवनमा आधारित

सिकारुहरूको जीवन आफैंमा एक महत्त्वपूर्ण सिकाइ हुन्छ । जीवनमा घटेका घटना, गरेका अनुभवलाई आधार बनाएर गरिएका सिकाइका आधारमा थप सिकाइका क्षेत्र पहिचान हुन्छ । यसैका आधारमा भावी जीवनका लागि आवश्यक पर्ने सिकाइका क्षेत्र पहिचान गर्न तथा आवश्यक सहजीकरणको वातावरण सृजना गर्न सहज बन्दछ ।

### (ट) घरमा आधारित सिकाइ

सिकाइका आधारभुत विषय घरबाट नै हुने भएकाले घरलाई औपचारिक शिक्षाको समेत पहिलो पाठशाला मानिएको छ । अपाङ्गता भएका सिकारुको अवस्थाअनुकूल संरचनाहरू नभएको ठाउँमा घरमा आधारित सिकाइ सहजीकरण गर्ने गरिन्छ । त्यसैगरी दैनिक घर व्यवहार चलाउने क्रममा हासिल हुने व्यवहाकुशल सिप दक्षता विज्ञताबाट समेत सिकाइ सक्षमता हासिल हुन्छ ।

### (झ) विशिष्टीकृत अनुभव

व्यक्तिहरू एक अर्कामा फरक हुन्छन् । फरक फरक व्यक्तिको सिकाइ फरक फरक किसिमबाट भएको हुन्छ । दृष्टिसम्बन्धी अपाङ्गता भएका व्यक्तिले ब्रेललिपि, बहिरा अपाङ्गताले साङ्केतिक भाषा, दुबै शारीरिक अपाङ्गता भएकाले अवस्था र उपलब्ध अवसरका आधारमा सिकिरहेका हुन्छन् । उनीहरूको विशिष्टीकृत अनुभवका आधारमा सिकाइ भएको हुन्छ । उनीहरूका लागि भिन्न भिन्न कार्यकलाप गराउनु आवश्यक हुन्छ ।

## ४.५ वैकल्पिक तथा अनौपचारिक शिक्षाको सिकाइ व्यवस्थापन

वैकल्पिक तथा अनौपचारिक शिक्षाको सिकाइ व्यवस्थापन अन्तरगत शिक्षण सिकाइलाई व्यवस्थापन गर्दा देहायका कार्यहरू अवलम्बन गर्नु पर्छः

क) अनुभवमा आधारित सिकाइः सिकारूको अनुभवलाई खोज्ने, सिकाइ प्रक्रियामा अनुभव जोड्ने, अनुभवी सिकारूलाई अनुभव भन्न लगाई हासिल गरेका सिकाइलाई सहजीकरण गर्न लगाउने र कुनै पनि सिकाइ क्रियाकलाप सिकारू स्वयमलाई गर्न लगाउने जस्ता कार्यहरू यस अन्तरगत गर्न सकिन्छ ।

ख) हासिल भएका सिकाइ एकापसमा वताउनेः यसमा मूलतः सिकारूले विभिन्न तरिकाबाट हासिल गरेका सिकाइहरू जोडिमा वा स साना समूहमा वा पुरै कक्षामा बताउन लगाउने । सिकारू केन्द्रित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नु पर्छ ।

ग) स्वप्रत्यावर्तनः सिकाइ क्रियाकलापमा अवलम्बन गरिएका विधि, प्रक्रिया, शैक्षिक सामग्री र मूल्याङ्कन लगायतका विषयहरूमा सोप्रत्यावर्तन गर्ने । कति सफल भए कति सफल हुन सकेनन् आदि पक्षहरूका प्रत्यावर्तन गरी सिकाइ क्रियाकलापमा सुधारका विकल्पहरू पहिचान गर्ने र कार्यान्वयनमा ल्याउने कार्य निरन्तर गरीरहनु पर्छ ।

घ) व्यक्तिगत जीवनसँगको आवद्धता तथा सामान्यीकरणः सिकेका सवै ज्ञान तथा सीप, सिकाइका विधि तथा प्रक्रियाले व्यक्तिगत जीवन पेसागत जीवन लगायतका अन्य पक्षहरूमा के कस्तो प्रभाव परेको छ दैनिक जीवनसँग सिकाइ आवद्ध छ वा छैन भनेर सिकाइलाई व्यक्तिगत जीवनसँग आवद्ध गर्ने र सामान्यीकरण गर्ने कार्य गर्नु पर्छ।

ङ) प्रयोगः अन्तमा सिकेका सिकाइ ज्ञान तथा सीप दैनिक व्यवहार तथा पेसागत व्यवहारमा प्रयोगमा आउनु पर्ने हुन्छ । यसका लागि अनौपचारिक शिक्षा वा विद्यालयले यो पक्षको पनि निरन्तर अनुगमन तथा लेखाजोखा गर्नु पर्छ ।

च) जीवनोपयोगी शिक्षामा आधारित शिक्षण सिकाइः अनौपचारिक तथा वैकल्पिक शिक्षामा जीवनोपयोगी शिक्षाका निश्चित सक्षमताहरू समावेश भएका हुन्छन् । राष्ट्रिय योग्यता प्रारूप अनुसार तय भएका

सक्षमतामा जीवनोपयोगी सीपसँग आवद्ध सीप समायोजन गरी जीवनोपयोगी शिक्षामा आधारित शिक्षण सिकाइलाई प्राथमिकता प्रदान गर्नु पर्छ ।

छ) मिश्रित सहजीकरणः अनौपचारिक तथा वैकल्पिक शिक्षामा सिकारूको चाहना अनुसार दुवै प्रकारका सहजीकरण अत्यावश्यक हुन्छ । प्रत्यक्ष सम्पर्कमा रही गरिने सहजीकरण तथा अनलाइन वा वैकल्पिक शिक्षण विधि प्रयोग गरी गरिने सहजीकरण दुवैलाई सिकाइका सक्षमताको प्रकृति अनुसार अवलम्बन गर्नु पर्छ ।

ज) स्रोत सामग्रीहरूको उपलब्धताः वैकल्पिक शिक्षण सिकाइमा शैक्षिक सामग्रीको महत्वपूर्ण भूमिका रहन्छ । यसका लागि सिकारूलाई स्वाध्यायनका लागि उपयोगी सिकाइका स्रोतहरू तिनको उपलब्धताको तरिका आदि बारेमा समेत जानकारी प्रदान गरी सहजीकरण गर्नु जरूरी हुन्छ ।

### ४.६ अनौपचारिक तथा वैकल्पिक शिक्षा सञ्चालन सम्बन्धी व्यवस्थाः

अनौपचारिक तथा वैकल्पिक शिक्षा प्रदान गर्न स्थापित शिक्षण संस्था, स्रोत कक्षा वा सामुदायिक सिकाइ केन्द्रमा सञ्चालिन हुने कक्षा, विद्यार्थी संख्या, पाठ्यक्रम तथा पाठ्यपुस्तक र भौगोलिक अवस्थितिको आधारमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको सिफारिसमा नेपाल सरकारबाट त्यस्ता शिक्षण संस्थालाई निश्चित रकम अनुदान स्वरूप उपलब्ध गराउन सकिनेछ । यसका लागि अनुदान माग गर्ने शिक्षण संस्थाले देहाय बमोजिमका शर्तहरू पुरा गरेको हुनु पर्नेछः-

- सामुदायिक वा सार्वजनिक शैक्षिक गुठीको रूपमा अनुमति वा स्वीकृती प्राप्त गरी नियमित रूपमा सञ्चालन भएको ।
- विद्यमान ऐन, नियमावली तथा यस मापदण्ड बमोजिम सञ्चालन भएको ।
- चालु शैक्षिक सत्र सहित गत शैक्षिक सत्रको शैक्षिक तथ्याङ्क भरी अनिवार्य रूपमा समयमै सम्बन्धित निकायमा पेश गरेको ।
- शिक्षण संस्थाको सञ्चालन तथा व्यवस्थापन समिति गठन भएको ।
- भर्ना भएका सिकारूहरूले नियमित रूपमा सिकाइ सहजीकरण प्रक्रिया तथा स्वाध्यायन गरेको ।

- शिक्षा तथा मानवस्रोत विकास केन्द्र वा पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत सक्षमताका र तोकिएका सिकाइ उपलब्धि हासिल हुने गरी विकसित सिकाइ सामग्री वा सो सँग मेल खाने अन्य स्रोत सामग्री प्रयोग गरेको ।
- शिक्षण संस्थाले सामाजिक परीक्षण गराएको ।
- शिक्षण संस्थाले प्रचलित कानून तथा विधान अनुसार सूचीकृत लेखा परीक्षकबाट आय व्ययको लेखा परीक्षण गराएको ।
- शिक्षण संस्थाले सिकारूलाई विभिन्न व्यक्तिगत समूहगत परियोजना लगायतका क्रियाकलापहरूमा नियमित रूपमा सहभागी गराएको ।

### ४.७ वार्षिक अनुदान

अनौपचारिक तथा वैकल्पिक शिक्षा प्रदान गर्ने शैक्षिक संस्थालाई वार्षिक रूपमा प्रदान गरिने अनुदानका आधारहरू देहाय बमोजिम हुनेछः-

(क) आधारभूत तह कक्षा १-५ तथा कक्षा ६-८ सम्मको कक्षा सञ्चालन गर्ने शिक्षण संस्थालाई प्रदान गरिने अनुदानका आधारः

- मन्त्रालयवाट स्वीकृत भएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए वमोजिम शिक्षण संस्थालाई दरबन्दी वा राहत अनुदान कोटाको सोहि बमोजिम र दरबन्दी वा राहत अनुदानकोटा अपुग भएकोमा वा सो कोटा नभएको अवस्थामा शिक्षण सहयोग अनुदान रकम प्रदान गरिनेछ ।
- शिक्षण संस्थालाई सशर्त अनुदान अन्तर्गत निःशुल्क सिकाइ सामग्री, प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री व्यवस्थापन अनुदान प्रदान गरिनेछ ।
- शिक्षण संस्था सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत सञ्चालन तथा व्यवस्थापन अनुदान, सिकाइ सुधार योजना निर्माण तथा अद्यावधिक, व्यवस्थापन समितिका पदाधिकारीहरूको क्षमता विकासका लागि अन्तरक्रीया, अभिभावक शिक्षा सञ्चालन, अतिरिक्त क्रियाकलाप सञ्चालन, सामाजिक परीक्षण तथा आर्थिक

लेखा परीक्षण, सिकारू रिपोर्ट कार्ड, तथ्याङ्क व्यवस्थापन लगायतका शिर्षकहरूमा मन्त्रालयवाट स्वीकृत भएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरे वमोजिमको एकमुष्ठ अनुदान प्रदान गर्न सकिनेछ ।

- प्रति सिकारू लागतका आधारमा दिइने अनुदान बाहेक अन्य सशर्त अनुदान प्राप्त गर्न कक्षा १—३ सम्ममा कम्तिमा १५ जना, कक्षा १—५ सम्ममा कम्तिमा २५ जना र कक्षा ६_८ सम्ममा कम्तिमा २० जना विद्यार्थी अध्ययनरत भएको हुन ुपर्नेछ ।

(ख) अनौपचारिक तथा वैकल्पिक शिक्षा माध्यमिक तह अन्तर्गत कक्षा ९—१० कार्यक्रम सञ्चालन गर्ने शिक्षण संस्थालाई अनुदानः

- मन्त्रालयवाट स्वीकृत भएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए वमोजिम शिक्षण संस्थालाई दरबन्दी वा राहत अनुदान कोटाको सोहि बमोजिम र दरबन्दी वा राहत अनुदानकोटा अपुग भएकोमा वा सो कोटा नभएको अवस्थामा शिक्षण सहयोग अनुदान रकम प्रदान गरिनेछ ।
- शिक्षण संस्थालाई सशर्त अनुदान अन्तर्गत निःशुल्क सिकाइ सामग्री, प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री व्यवस्थापन अनुदान प्रदान गरिने छ ।
- शिक्षण संस्था सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत सञ्चालन तथा व्यवस्थापन अनुदान, सिकाइ व्यवस्थापन समितका पदाधिकारीहरूको क्षमता विकासका लागि अन्तरक्रिया, अभिभावक शिक्षा सञ्चालन, अतिरिक्त क्रियाकलाप सञ्चालन, सामाजिक परीक्षण तथा आर्थिक लेखा परीक्षण, सिकारू रिपोर्ट कार्ड, शिक्षण संस्था तथ्याङ्क व्यवस्थापन लगायतका शिर्षकहरूमा मन्त्रालयवाट स्वीकृत भएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरे वमोजिमको एकमुष्ठ अनुदान प्रदान गरिनेछ ।
- प्रति सिकारू लागतका आधारमा दिइने अनुदान बाहेक अन्य सशर्त अनुदान प्राप्त गर्न कक्षा ९—१० सम्ममा कम्तिमा १५ जना विद्यार्थी अध्ययनरत भएको हुनु पर्नेछ ।

### ४.८ अनौपचारिक तथा वैकल्पिक शिक्षा पाठ्यक्रम तथा सिकाई सामग्री

सञ्चालन हुने विद्यालयमा नियमित विद्यालय शिक्षाको पाठ्यक्रम अनुसारका विषयका मुख्य विषयवस्तुमा आधारित भई सम्बन्धित तहका लागि निर्मित पाठ्यसामग्री मूल पाठ्यसामग्रीका रूपमा प्रयोग गर्नु पर्ने छ । उक्त मूल

पाठ्यसामग्रीका अतिरिक्त पाठ्यक्रम विकास केन्द्रद्वारा स्वीकृत सन्दर्भ सामग्री एवम् अध्ययन सामग्री प्रयोग गर्न सकिनेछ । प्रौढहरूका निम्ति (१४ वर्ष माथि उमेर समूह) प्राथमिक तह (कक्षा १—५ सरह) का लागि गरिएको शैक्षिक प्रबन्ध र १४ वर्षभन्दा मुनी उमेर समूहका लागि गरिएको सोही तहकै शैक्षिक प्रबन्धमा भिन्न भिन्न स्वरूपका पाठ्यसामग्री प्रयोग हुनेछन् । यस्ता विद्यालयमा प्रयोग हुने तहगत पाठ्यसामग्रीको ढाँचा पाठ्यक्रम विकास केन्द्र वा शिक्षा तथा मानवस्रोत विकास केन्द्रले तयार गरे अनुसार हुने छ ।

अनौपचारिक तथा वैकल्पिक शिक्षाका लागि उपयोगी पाठ्य सामग्रीहरूको विकास पाठ्यक्रम विकास केन्द्रको समन्वय र सहकार्यमा शिक्षा तथा मावन स्रोत विकास केन्द्रले गर्ने छ । यसरी विकसित पाठ्यसामग्रीहरू परीक्षण तथा सुधार गरी सबैका लागि सर्वसुलभ गराइने छ । राष्ट्रिय योग्यता प्रारूपले तय गरे अनुसार हाल विकसित तह ३ का स्रोत सामग्रीहरूको सर्वसुलभता कायम गरिने छ । प्रारूपले तय गरेका तह ३ का सवै सक्षमता समेट्ने गरी स्रोत सामग्रीहरू विकास गरी सर्वसुलभ गराइने छ । त्यसै गरी तहगत सक्षमतामा आधारित भइ अनौपचारिक तथा वैकल्पिक शिक्षामा तह ४ सम्मका सिकाई सामग्री मानव स्रोत विकास केन्द्रले विकसित गरी कार्यान्वयनमा ल्याउने छ । सिकारूलाई पर्याप्त सिकाइ सामग्रीको पहुँच वृद्धि गरिने छ । यसका लागि विद्युतीय सिकाइ सामग्री, अपाङ्गता भएका बालबालिकाका लागि उपयोगी सिकाइ सामग्री विकासमा प्राथमिकता दिइने छ । स्थानिय स्रोत र साधनको उच्चतम उपयोग गरी प्रारूपले तय गरेका सक्षमतामा आधारित भई अनौपचारिक शिक्षा तह ४ सम्मका सिकाइ सामग्रीहरूको विकासका लागि स्थानीय सरकारलाई बढी सक्षम तथा जिम्मेवार बनाइने छ ।

ईपुस्तकालय, अनलाईन पोर्टल लगायतका लिङ्कहरूलाई थप व्यवस्थित गरी सिकारूलाई विद्युतीय शैक्षिक सामग्रीको पहुँचमा विस्तार गरिने छ ।

### ४.९ अनौपचारिक तथा वैकल्पिक शिक्षा सञ्चालन समय तथा कार्यतालिका

निर्धारित दिनहरूमा विद्यालयमा सिकाइ सत्र सम्पर्क कक्षाका रूपमा सञ्चालन गरिने छ । यस्ता सम्पर्क कक्षाको समय तालिका नियमित विद्यालय समय तालिकाभन्दा भिन्न समय घण्टामा सहभागीको कार्य तालिकासँग अनुकूल हुने गरी निर्धारण गर्न सकिने छ । सम्पर्क सत्रको विषयगत पाठ्यघण्टा सम्बन्धित तहको विषयगत

संश्लेषित पाठ्यक्रममा निर्धारण भए अनुसार हुनेछ । पाठ्यक्रममा निर्दिष्ट समय घण्टाभन्दा कम नहुने गरी विषयगत सम्पर्क सत्रहरू निर्धारित दिनका समयतालिकामा सञ्चालन गर्नुपर्ने छ । यस्ता सम्पर्क कक्षाहरू सूचना तथा सञ्चार प्रविधिको उपलब्धता र उपयोगमा सहजता भएमा त्यस्ता प्रविधिका माध्यमबाट पनि गर्न सकिने छ ।

## ४.१० अनौपचारिक तथा वैकल्पिक शिक्षा लागि जनशक्ति व्यवस्थापन

वैकल्पिक शिक्षामा आधारित शैक्षिक कार्यक्रम सञ्चालनका लागि अत्यावश्यक जनशक्तिको व्यवस्थापन हुन जरूरी छ । यसका लागि वैकल्पिक शिक्षाका कार्यक्रमहरूको प्रकृति र प्रकार अनुसार जनशक्तिको व्यवस्थापन हुनु पर्छ । सिकाइ सहजीकरण तथा सहयोगका लागि निर्धारित सङ्ख्यामा तोकिएको योग्यता भएका तहगत तथा विषयगत सहजकर्ता÷स्रोतव्यक्तिको व्यवस्था गर्नु पर्छ । खुला विद्यालयको हकमा सम्बन्धित औपचारिक विद्यालयका विषयगत शिक्षकहरूबाट नै छनोट गरी कक्षा सञ्चालन गरिने छ ।

अनौपचारिक शिक्षाका अन्य प्रकारहरू जस्तै निरन्तर, शिक्षा साक्षर नेपाल अभियान, अनौपचारिक प्रौढ शिक्षा आदि सञ्चालन तथा व्यवस्थापनका लागि सहजकर्ताको प्रवन्ध गरिने छ । सहजकर्ताहरूलाई राष्ट्रिय योग्यता प्रारूपले गरेको व्यवस्था अनुसारको अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालनका लागि अत्यावश्यक सहजीकरण सीप विकासका लागि सक्षमतामा आधारित तालिम तथा पुनरताजगी तालिम प्रदान गरिने छ ।

## ४.११ वैकल्पिक विद्यालयमा हुने सिकाईको मूल्याङ्कन

सहभागीको सिकाइ मूल्याङ्कन तथा प्रमाणीकरण प्रत्येक तहमा आन्तरिक मूल्याङ्कन प्रक्रिया तथा बाह्यपरीक्षाका माध्यमद्वारा हुनेछ । आन्तरिक मूल्याङ्कन तथा बाह्य परीक्षाका विधि, प्रक्रिया तथा साधनहरू सम्बन्धित तहको विषयगत पाठ्यक्रममा उल्लेख भएअनुसार हुनेछ ।

अनौपचारिक तथा वैकल्पिक शिक्षाको सिकाइको मूल्याङ्कन गर्दा राष्ट्रिय योग्यता प्रारूपले तय गरेको ज्ञान, शिप तथा अभिवृत्ति परीक्षण तथा प्रमाणीकरण प्रकृयामा सहभागी भई औपचारिक शिक्षा सरहको मान्यता तथा समकक्षता प्रमाणपत्र लिन सकिने छ । यसका आधारमा औपचारिक शिक्षामा तोकिएको तह र कक्षामा प्रवेश

गरी शैक्षिक निरन्तरता कायम गर्न सकिने छ । सिकारूको मूल्याङ्कन राष्ट्रिय पाठ्यक्रम प्रारूप, राष्ट्रिय योग्यता प्रारूपले तोकेबमोजिम हुनेछ।

अनौपचारिक तथा वैकल्पिक शिक्षामा अनुगमन तथा मूल्याङ्कन पक्ष प्रमुख समस्याका रूपमा रहदै आएको छ । यसका लागि निम्न कार्यहरू गर्नुपर्छ:

- सिकाईको निरन्तर अनुगमन, लेखाजोखा तथा आवश्यकतानुसार थप शिक्षण सिकाईको व्यवस्था गर्नुपर्छ । सिकाइ के कति हासिल भयो, के कति सक्षमतामा सिकाई समस्या रहेको छ ? सिकाईमा सुधार गर्न उपचारात्मक शिक्षण सिकाइ के कस्तो हुने भनेर सिकाइको निरन्तर अनुगमन गर्ने र सिकाईको लेखाजोखा गर्ने कार्य निरन्तर रूपमा गर्नुपर्छ ।
- शिक्षण सिकाइ योजनामा सुधार गर्ने, मूल्याङ्कनमा नतिजाका आधारमा अनौपचारिक तथा वैकल्पिक सिकाई योजनामा क्रमशः सुधार गर्दै जानुपर्छ ।
- सामुदायिक सिकाई केन्द्र, सामुदायिक विद्यालय तथा स्थानीय सरकार (शिक्षा विभाग/महाशाखा/शाखा) ले अनौपचारिक तथा वैकल्पिक शिक्षाको अनुगमन तथा मूल्याङ्कन र त्यसको अभिलेखलाई व्यवस्थापन गर्नुपर्छ ।
- सिकाइ बाहेक सिकारूको सिकाई प्रक्रियामा सहभागिता सिकाइको गुणस्तर तथा प्रभावकारिता, स्रोत साधनको व्यवस्थापन तथा उच्चतम प्रयोग, अभिलेखको व्यवस्थापन तथा सुरक्षा, नीतिगत सुधार जस्ता पक्षहरूमा पनि अनुगमन गरी अत्यावश्यक सुधार गर्नुपर्छ ।
- अनौपचारिक तथा खुला विद्यालयको सूचना, व्यवस्थापन पद्दति स्थापित गरी संस्थागत गर्नुपर्छ ।
- सूचना संकलन तथा व्यवस्थापनको जिम्मेवारी, सूचना प्रवाह पद्धति सूचनाको गुणस्तरका लागि जिम्मेवार संस्था तथा पदाधिकारी यकिन गरी भरपर्दो तथा विश्वसनीय सूचना पद्धति कार्यान्वयनमा ल्याउनुपर्छ ।
- सिकाइ मापनका स्तरीय ढाँचा र साधन विकास गरी सिकाइ स्तरको निरन्तर मूल्याङ्कन हुने पद्धति विकास गर्ने ।
- सिकाइका अङ्कभार सञ्चय र स्थानान्तरण हुने पद्धति विकास गर्ने ।

- एक स्वरूपको शैक्षिक प्रबन्धको संरचनाबाट  अर्को स्वरूपको समानान्तर शैक्षिक प्रबन्धको संरचना तथा तहमा स्थानान्तरण हुने पद्धति विकास गर्ने ।
- राष्ट्रिय योग्यता प्रारूप अनौपचारिक शिक्षाले व्यवस्था गरेको परीक्षण तथा प्रमाणीकरण प्रक्रियामा सहभागी भइ समकक्षता तथा मान्यता प्रमाणपत्रका आधारमा औपचारिक शिक्षाका उपल्लो तह वा कक्षामा शैक्षिक निरन्तरता कायम गर्ने ।

## ४.१० सुपरिवेक्षण तथा अनुगमन

यस कार्यक्रममको नियमित सुपरिवेक्षण र अनुगमन कार्यक्रमम व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तह, सामुदायिक विद्यालयका प्र.अ., वैकल्पिक विद्यालयका प्र.अ., सामुदायिक सिकाइ केन्द्र आदिको हुनेछ । प्रारूप अनुसार तह १ र तह २ सम्मका लागि सामुदायीक सिकाइ केन्द्र तथा तह ४ र तह ५ का लागि सम्बन्धित स्थानीय सरकार, शिक्षा विकास तथा समन्वय इकाईको हुने छ । निर्धारित समय घण्टा र दिनमा सम्पर्क सत्र सञ्चालन भए नभएको, सहभागीको नियमितता, निरन्तरता, सहभागिताको सुपरिवेक्षण र सिकाइस्तरको निर्दिष्ट ढाँचा र प्रक्रियाबमोजिम मूल्याङ्कन गर्ने कार्य हुने गरे नगरेका पक्षहरूको अनुगमन गरिनुपर्छ । अनुगमनका क्रममा सिकाइ सहजीकरण, सहभागीको तहगत निरन्तरता, निर्धारित चक्रm पूरा गर्ने स्थिति, सिकाइ स्तरको परीक्षण सम्बन्धित पक्षहरूको अनुगमन स्थानीय तहका शिक्षा अधिकारीहरूबाट गर्नुपर्नेछ । यसका साथै निर्धारित ढाँचा, प्रक्रिया स्तर अनुसार विद्यालयको व्यवस्थापन भए नभएको अनुगमन गर्ने जिम्मेवारी स्थानीय तहका शिक्षा अधिकारीको हुनेछ ।

अनौपचारिक तथा वैकल्पिक शिक्षाको सुपरिवेक्षण तथा अनुगमन गर्दा महिलाको सहभागिता, सिमान्तकृत समुदायको सहभागिता तथा समावेशी पक्षलाई समेत यथेष्ट ध्यान दिनुपर्छ । स्थानिय तहमा अनौपचारिक तथा वैकल्पिक शिक्षाको नियमित रूपमा अनुगमन तथा सुपरिवेक्षण कार्यका लागि अनुगमन संयन्त्र विकास गरी कार्यान्वयनमा ल्याउनु पर्छ । यस कार्यमा सम्बन्धित स्थानिय तहमा रहेका सामुदायिक सिकाइ केन्द्रलाई समेत सक्रिय बनाउनु उचित हुन्छ । सुपरिवेक्षण तथा अनुगमन गर्दा देहायका विषयहरूमा केन्द्रित हुनु उपयुक्त हुन्छः

- सहजकर्तांले तालिम पाए नपाएको,
- सहजकर्ता र सिकारू बिचको समन्वय,
- सहजकर्ताको सहजीकरण सक्षमता र प्रभावकारिता,
- शैक्षिक सामग्रीको उपलब्धता र व्यवस्थापन,
- सिकारूको सिकाइ प्रक्रियामा सहभागिता,
- सिकाइ सहजीकरणमा आधुनिक सूचना सञ्चार प्रविधिको प्रयोग,
- सिकारू सहजकर्ताको सम्वाद, अन्तरक्रिया तथा छलफल,
- सिकारूमा आएको सकारात्मक व्यावहारिक परिवर्तन आदि ।

### ४.११ अनौपचारिक तथा वैकल्पिक शिक्षाको भावी कार्यदिशा

अवको अनौपचारिक तथा वैकल्पिक शिक्षा ज्ञानमा आधारित, उत्पादनमा आधारित तथा दिगो विकास लक्षमा आधारित हुनुपर्छ । जीवनको लागि अत्यावश्यक व्यावहारिक कलाकौसल सीप विकास अपरिहार्य वन्न गएको छ । यसै गरि युवाहरूमा जीवनोपयोगी सीप विकास अवधारणाहरू अभिवृद्धि केन्द्रित हुनुपर्छ । शैक्षिक समता, लंैगिक समानता र समावेशी समाज निर्माणको लागि आवश्यक नागरिक तयारी कार्यलाई प्राथमिकता दिनुपर्छ । अधिकारमा आधारित जीवनपर्यन्त शिक्षालाई सुनिश्चित गर्नु जरूरी छ । समुदायमा आधारित संस्थाहरू, गैरसरकारी संस्था तथा प्राविधिक तथा व्यवस्थापकहरु सक्षम वनाउनुपर्छ । नागरिकले जीवनक्रममा सिकेका समग्र सिकाईलाई परिष्कृत तथा प्रमाणिकरण गरी अनौैपचारिक शिक्षा र प्राविधिक सीप विकासको अवसर प्रदान गर्नुपर्छ । यसको लागि राष्ट्रिय योग्यता प्रारूपलाई कार्यान्वयनमा लैजानुपर्छ ।

१. आवश्यकतामा आधारित अनौपचारिक तथा वैकल्पिक शिक्षा सञ्चालन

- अनौपचारिक शिक्षाको आवश्यकता पहिचान गर्ने
- निरन्तर शिक्षाका विविध नमूना पाठ्यक्रम, सिकाइ सामग्री विकास गर्ने
- संश्लेषित पाठ्यक्रममा आधारित खुला आधारभूत तथा खुला माध्यमिक विद्यालयहरु सञ्चालन गर्ने

- सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण गर्ने र वैकल्पिक शिक्षा अन्तरगतका शैक्षिक कार्यक्रमहरू जस्तै निरन्तर शिक्षा तह १ र साक्षर नेपाल अभियान अन्तरगतका साक्षरता शिक्षा कार्यक्रमहरू सञ्चालन गर्ने

२. सामुदायिक सिकाई केन्द्रलाई आजीवन सिकाइ केन्द्रका रूपमा विकास गर्ने

- नक्शाङ्कनका आधारमा सामुदायिक सिकाइ केन्द्रको विकास तथा विस्तार गर्ने
- सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन मापदण्ड तयार गरी कार्यान्वयन गर्ने
- सामुदायिक सिकाइ केन्द्रलाई एकीकृत सेवा प्रवाह गर्ने आजीवन सिकाइ केन्द्रका रूपमा विकसित गर्ने
- आजीवन सिकाइको व्यस्थापनका लागि आवश्यक संरचना तयार गर्ने

३. राष्ट्रिय योग्यता प्रारूप अनुसार अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्ने

- राष्ट्रिय योग्यता प्रारूपको समुदाय तहसम्म प्रवोधिकरण गर्ने
- राष्ट्रिय योग्यता प्रारूप अनौपचारिक तह अनुसारका सक्षमतामा आधारित सिकाइ सामग्रीहरू विकास, परीक्षण तथा अन्तिमी करण गर्ने
- राष्ट्रिय योग्यता प्रारूप कार्यान्वयन कार्य विधि तयार गरी कार्यान्वयनमा ल्याउने
- अनौपचारिक तथा आजीवन सिकाइबाट आर्जित ज्ञान, सीपको परीक्षण, प्रमाणीकरण तथा समकक्षता प्रदान गरी एकधारबाट अर्को धारमा हुने पारगन्यता सुनिश्चित गर्ने

४. पाठ्यक्रम तथा सिकाइसामग्रीको सुनिश्चितता

- वैकल्पिक शिक्षाका सबै तह, प्रकारको पाठ्यक्रम परिर्वतित पाठ्यक्रमका आधारमा पुनरावलोकन गरी अधावधिक गर्ने
- अधावधिक पाठ्यक्रमका आधारमा विभिन्न प्रकारका सिकाइ सामग्रीहरू अधावधिक गर्ने
- आधुनिक सूचना, सञ्चार तथा प्रकृतिमा आधारित स्वअध्यापन सामग्रीहरू विकास गरी तिनको सर्वसुलभता कायम गर्ने
- अनलाईमा आधारित कार्यहरू विकासगर्ने
- प्राविधिक तथा व्यवसायिक सीपहरूको समायोजन गर्ने

- शैक्षिक सामग्रीलाई समावेशी, अपाङ्ग मैत्री तथा लैङ्गिक मैत्री बनाउने

५. खण्डिकृत सूचना तथा व्यवस्थापन प्रणाली विकास

- अनौपचारिक शिक्षा सम्बन्धि खण्डिकृत सूचना तथा तथ्याङ्क पद्धति विकास गरी कार्यान्वयनमा ल्याउने
- सामुदायिक सिकाइ केन्द्र, पालीका तथा संघमा केन्द्रिय डाटावेसमा अनौपचारिक शिक्षाको डाटावेसलाई व्यवस्थित गर्ने
- सूचनामा आधारित कार्यक्रम कार्यान्वयन गर्ने

६. प्रविधिक धारमा पारगम्यताकालागि जीवनोपयोगी सीपको समायोजन

- अनौपचारिक शिक्षा तह ४ देखि नै सिकारूलाई प्राविधिक सीप विकासको अवसर प्रदान गर्न सक्षमतामा प्राविधिक तथा व्यवसायिक सीपको समायोजन गर्ने
- राष्ट्रिय योग्ता प्रारूप अनौपचारिक साधारण तथा प्राविधिकहरू बिच समन्वय तथा सहकार्य गरी पारगन्यताको अवस्था सुनिश्चित गर्ने
- साधारण धारबाट प्राविधिक धारमा सहज पहुँचका लागि आवश्यक सीपमा आधारित सीप विकास मोड्युलहरू विकास गरी कार्यान्वयमा ल्याउने

७. सार्वजनिक, निजी साझेदारीमा अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन

- गैर सरकारी निकायहरूको नक्साङ्कन गर्ने र वैकल्पिक शिक्षणका लागि सहकार्य गर्ने
- उद्योग व्यवसायि तथा सहकारी संस्थाहरूसंग समन्वय र सहकार्य गरी व्यवसायिक सीप विकासका अवसर वृद्धि गर्ने
- स्थानीय सरकार, प्रदेश सरकार, संघ, उद्योगपति, सहकारी, गैरसरकारी निकायहरू समेतको डाटावेस तयार गरी स्रोत र साधनको पूर्वानुमान तथा वैकल्पिक शिक्षा कार्यक्रम विकास र कार्यान्वयन गर्ने

८. वैकल्पिक शिक्षण अनुगमन, मूल्याङ्कन तथा सहयोग पद्धति विकास

- सामुदायिक सिकाइ केन्द्र÷नगर÷गाउँपालिका तहमा अनौपचारिक तथा वैकल्पिक शिक्षाको अनुगमन तथा सहयोगका लागि एक संरचना विकास गर्ने

- सिकाइ सहजीकरण भएका खुला विद्यालय तथा सामुदायिक सिकाइ केन्द्रबाट सहजीकरण भएका वैकल्पिक शिक्षाको अनुगमन गर्ने तथा आवश्यक सकयोग प्रदान गर्ने व्यवस्था कार्यान्वयन गर्ने

९. आर्थिक स्रोतको सुनिश्चितता गर्ने

- सघ प्रदेश तथा स्थानीय सरकारले अनौपचारिक तथा वैकल्पिक शिक्षाको सुदृढीकरणका लागि निश्चित बजेट विनियोजन गर्ने व्यवस्था कार्यान्वयनमा ल्याउने
- लागत साझेदारी अवधारणा अनुसार अनौपचारिक तथा वैकल्पिक शिक्षण सञ्चालन तथा व्यवस्थापन गर्ने

१०. अनौपचारिक तथा वैकल्पिक शिक्षाको आवधिक मूल्याङ्कन गर्ने

- अनौपचारिक तथा वैकल्पिक शिक्षाको आवस्था, प्रगति, समस्या, सुधारका पक्षहरू आदिको विश्लेषण गरी आवश्यक सुझाव दिन आवधिक रूपमा मूल्याङ्कन गर्ने
- मूल्याङ्कन प्रतिवेनका आधारमा पाठ्यक्रम, सिकाइ सामग्री मूल्याङ्कन, पारगतता आदिको अवस्थामा आवश्यक सुधारका कार्यक्रमहरू तय गरी कार्यान्वयनमा ल्याउने

११. आजीवन सिकाई कार्य ढाँचा तयारी र कार्यान्वयन गर्ने

- आजीवन सिकाई कार्य ढाँचा विकास गर्ने
- अनौपचारिक तथा वैकल्पिक सिकाइलाई आजीवन कार्य ढाँचामा आवद्ध गर्ने
- आजीवन सिकाइका लागि अत्यावश्यक स्रोतको व्यवस्थापनका लागि दातृ निकाय, सार्वजनिक स्रोत तथा निजी स्रोतको समेत समन्वय तथा सहजीकरण गर्ने

१२ सीप विकास कार्यक्रम सञ्चालन गर्ने

- सामुदायिक सिकाइ केन्द्रमा आधारित सीप विकास तालिम कार्यक्रम सञ्चालन गर्ने
- वित्तिय साक्षरता तथा व्यावसायिक योजना सीप विकासका तालिम सञ्चालन गर्ने
- स्थानीय स्रोत र साधनमा आधारित ससाना आय आर्जन व्यवसाय सञ्चालनमा सामुदायिक सिकाइ केन्द्रबाट सहजीकरण गर्ने

१३ सामुदायिक सिकाइकेन्द्रहरूको सुदृढीकरण गर्ने

- सामुदायिक सिकाइ केन्द्रहरूको नक्शाङ्कन गरी तिनको सही व्यवस्थापन गर्ने
- सामुदायिक विकास केन्द्रको सक्षमता पहिचान गर्ने र आवश्यकतामा आधारित सक्षमता विकास कार्यक्रम सञ्चालन गर्ने
- सामुदायिक सिकाइ केन्द्रहरूलाई सिकाइ केन्द्रकारूपमा विकसित गर्ने
- सामुदायिक विकास केन्द्रहरूको सुदृढीकरण गरी पुस्तकालय इ पुस्तकालय जस्ता सरचनाहरू विकास गरी सक्षम बनाउने
- सामुदायिक विकास केन्द्रका व्यवस्थापकहरूको सक्षमता विकास गर्ने
- सामुदायिक सिकाइ केन्द्रको अध्यक्ष सम्बन्धित वडाको निर्वाचित वडा सदस्य हुने व्यवस्था गर्ने

१४ सहयोग पद्दति विकास गरी कार्यान्वयनमा ल्याउने

- अनौपचारिक तथा वैकल्पिक शिक्षाका लागि अत्यावश्यक सहयोग प्रदान गर्न सहयोग पद्दति विकास गरी कार्यान्वयनमा ल्याउने
- सहयोग पद्दतिका लागि अत्यावश्यक जनशक्ति व्यवस्थापन गर्ने
- विभिन्न प्रकारका स्रोत कक्षहरू तय गरी तिनको सहज पहुँचको अवस्था सुनिश्चित गर्ने

१५ समन्वय सहकार्य र साझेदारी

- विभिन्न तहका सरकारहरू वित उचित एवम् प्रभावकारी समन्वय तथा सहकार्य गर्ने
- अनौपचारिक तथा वैकल्पिक शिक्षामा कार्यरत गैंह्र सरकारी निकायहरूको नक्शाङ्कन गरी समन्वय र साझेदारीमा अनौपचारिक तथा वैकल्पिक शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाउने

१६ नीतिगत स्पष्टता कायम गर्ने

  - सघ प्रदेश तथा स्थानीय सरकारले अनौपचारिक तथा वैकल्पिक शिक्षाका सम्बन्धमा कार्य क्षेत्र नीतिगत रुपमा स्पष्ट गर्ने
  - स्थानीय तहमा अनौपचारिक तथा वैकल्पिक शिक्षा सम्बन्धी काम गर्नका लागि अत्यावश्यक जनशक्तिको व्यवस्थाका लागि नीतिगत स्पस्टता कायम गर्ने

- राष्ट्रिय योग्यता प्रारूप अनौपाचारिकको बारेमा स्थानीय तहसम्म प्रबोधीकरण गर्न अत्याव्शयक कार्य थालनी गर्ने

१७ अनौपचारिक तथा वैकल्पिक शिक्षाको प्रवर्धनलाई उच्च प्राथमिकता प्रदान गर्ने

- राष्ट्रिय योग्यता प्रारुप तथा अनौपचारिक तथा वैकल्पिक शिक्षाको बारेमा राजनीतिक पदाधिकारीहरूलाई सचेतीकरण गर्ने
- शिक्षक प्रधानाध्यापक विव्यस पदाधिकारीहरूको तालिम तथा अभिमुखीकरण कार्यक्रममा अनौपचारिक तथा वैकल्पिक शिक्षा र राष्ट्रिय योग्यता प्रारूपको व्यवस्थासमेत समावेश गरी प्रवोधीकरण गर्ने
- स्थानीय तहमा कार्यरत शिक्षा पदाधिकारीहरूको सेवासम्बन्धी सर्त (Job Description) मा अनौपचारिक तथा वैकल्पिक शिक्षाको कार्यजिम्मेवारी थप गरी जिम्मेवार बनाउने

# परिच्छेद पाँच

# अनौपचारिक तथा वैकल्पिक शिक्षा सञ्चालन व्यवस्थापनमा विभिन्न तह र निकायको जिम्मेवारी

## ५.१. परिचय

अनौपचारिक तथा वैकल्पिक शिक्षा जीवनपर्यन्त शिक्षाको अभिन्न अवयव भएकाले यसको योजना तर्जुमा, व्यवस्थापन, कार्यान्वयन र प्रभावकारिता सुनिश्चित गर्नै कार्यको जिम्मेवारी मूलतः स्थानीय तहको हो । तापनि यस्ता विद्यालयको व्यवस्थापन प्रभावकारिता अभिवृद्धि र सुदृढीकरण र स्थानीय तहको क्षमता अभिवृद्धि कार्यका लागि प्रदेशश तथा सङ्घीय तहका सम्बन्धित निकायहरू पनि उत्तिकै जिम्मेवार रहन्छन् । यस्तो शिक्षाका मोडेल तथा ढाँचा तथा व्यवस्थापन ढाँचा र मापदण्ड विकास गर्ने र कार्यक्रमम कार्यान्वयनका लागि स्रोत व्यवस्थापन तथा परिचालनका मापदण्ड निर्माणमा सङ्घीय तहका सम्बन्धित निकायहरू जिम्मैवार रहन्छन् भने कार्यान्वयनका लागि स्थानीय तहकौ क्षमता अभिवृद्धि र सहजीकरण कार्यमा प्रदेश तहका निकायहरूको जिम्मैवारी हुन्छ । कार्यक्रमम तथा व्यवस्थापन नीति, ढाँचा विकास देखि कार्यान्वयन तहसम्मका प्रत्येक निकायहरूको कार्यक्षेत्र र जिम्मेवारीका विषयमा सबैमा स्पष्टता हुनु आवश्यक छ ।

## ५.२.अनौपचारिक तथा वैकल्पिक शिक्षा सञ्चालन व्यवस्थापनमा तहगत निकायको जिम्मेवारी

अनौपचारिक तथा वैकल्पिक शिक्षाका नीति र कार्यक्रमम तर्जुमा, व्यवस्थापनका मापदण्ड तथा स्तर निर्धारण, सुपरीवेक्षण तथा अनुगमनमा संघ प्रदेश तथा स्थानीय गरी तीनै तहका सम्बन्धित निकायहरू कार्यक्षेत्रअनुसार जिम्मेवार हुने गर्दछन् । उक्त तिनै तहका निकायगत जिम्मेवारी निम्न बमोजिम उल्लेख गरिएको छ ।

### ५.२.१. सङ्घीय तह

यस तहमा मुख्यतः अनौपचारिक तथा वैकल्पिक विद्यालय शिक्षा सञ्चालन व्यवस्थापन सम्बन्धी नीति तर्जुमा, कार्यक्रममका मोडेल तथा कार्यसम्पादन ढाँचा विकास, व्यवस्थापन ढाँचा तथा प्रक्रिया निर्माण, पाठ्यक्रम तथा पाठ्यसामग्रीका ढाँचा तथा नमूना विकास कार्यहरू सम्पादन हुन्छन् । यस तहका कार्यको निकायगत जिम्मेवारी निम्नलिखित रहेका छन्।

(क) शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय वैकल्पिक विद्यालय शिक्षा सञ्चालन व्यवस्थापनमा यस मन्त्रालयको जिम्मेवारी निम्नानुसार रहेको छः

- कार्यक्रमम सञ्चालन तथा व्यवस्थापन नीति तर्जुमा ।
- कार्यक्रमम कार्यासम्पादनका मापदण्ड तथा स्तर निर्धारण ।
- नीति कार्यान्वयनको अनुगमन र सुपरीवेक्षण ।
- स्रोत र साधनको व्यवस्था
- सघ प्रदेश र स्थानीय तहको अनौपचारिक तथा वैकल्पिक शिक्षाको कार्यक्रम सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी स्पषट गरी कार्यक्रममा दोहोरोपना आउने अवस्थाको अन्त गर्ने
- तीनओटै सरकारको अनौपचारिक तथा वैकल्पिक शिक्षा तथा राष्ट्रिय योग्यता प्रारूप कार्यान्वयनका लागि अत्यावश्यक सक्षमता विकास गर्ने

(ख) शिक्षा तथा मानव स्रोत विकास केन्द्र

वैकल्पिक विद्यालय शिक्षा कार्यक्रमम व्यवस्थापन तथा कार्यान्वयनका लाग यस निकायको जिम्मेवारी यस प्रकार रहेको छः

- वैकल्पिक विद्यालय शिक्षा व्यवस्थापनका मोडेल तथा कार्यान्वयन ढाँचा विकास
- कार्यक्रम व्यवस्थापन तथा कार्यान्वयनका लागि स्रोत परिचालन एवम् व्यवस्थापनका प्रक्रिया, मापदण्ड विकास ।
- कार्यक्रमम व्यवस्थापन सञ्चालनका लागि अनुदान नीति तर्जुमा ।
- वैकल्पिक विद्यालय शिक्षाका लागि तहगत पाठ्यसामग्रीका ढाँचा र नमूना सामग्री विकास

- विद्युतीय सिकाइ सामग्री विकास तथा तिनको पहुँचको सुनिश्चितता गर्ने।
- राष्ट्रिय योग्यता प्रारुपको प्रवोधीकरण गर्ने

(ग) पाठ्यक्रम विकास केन्द्र यस केन्द्रः

- तहगत संरचनाअनुरूपको संश्लेषित पाठ्यक्रम ढाँचा तथा विकास ।
- तहगत तथा सिकाइ उपलब्धिस्तर निर्धारण ।
- तहगत तथा विषयगत सिकाइस्तरको मूल्याङ्कन तथा प्रमाणीकरण ढाँचा विधि, प्रक्रिया र नमूना साधन विकास ।

५.२.२. प्रदेश तह

वैकल्पिक विद्यालय सञ्चालन व्यवस्थापनका लागि स्थानीय तह र विद्यालयको व्यवस्थापन क्षमता विकास कार्यक्रमम तर्जुमा र कार्यान्वयन यस तहको जिम्मेवारीभित्र पर्दछ । अनुगमन तथा सुपरीवेक्षण पनि यस तहबाट हुनै गर्दछ । यस तहका निकायगत जिम्मेवारी निम्नानुसार छन्ः

(क) सामाजिक विकास मन्त्रालय

- क्षमता विकास कार्यक्रमम तर्जुमा ।
- वित्तीय सहयोगको व्यवस्था ।
- विद्यालयको भौतिक तथा प्रविधि पूर्वाधार विकास सहयोग ।
- अनौपचारिक तथा वैकल्पिक शिक्षाको प्रवर्धनका लागि प्रदेशस्तरीय मापदण्ड विकास गरी कार्यान्वयनमा ल्याउने
- स्थानीय सरकारलाई अनौपचारिक तथा वैकल्पिक शिक्षा तथा जीवनपर्यन्त सिकाइसम्बन्धी कार्यक्रम विकास तथा विस्तारमा सहजीकरण गर्ने
- अनौपचारिक तथा वैकल्पिक शिक्षा सम्बन्धी सक्षमता विकासका लागि विभिन्न प्रकारका तालिमका कार्यक्रमहरू विकास गरी कार्यान्वयनमा ल्याउने

(ख) शिक्षा विकास निर्देशनालय ।

- क्षमता विकास कार्यक्रमम व्यवस्थापन र कार्यान्वयन ।
- कार्यक्रममको अनुगमन, सुपरीवेक्षण, कार्यान्वयनमा सहजीकरण र प्राविधिक सहयोग।

(ग) शिक्षा तालिम केन्द्र

- क्षमता विकास कार्यक्रममको आवश्यकता पहिचान ।
- शिक्षक/सहजकर्ता तालिम सञ्चालन व्यवस्थापन ।
- व्यवस्थापन तालिम सञ्चालन ।

५.३.३. स्थानीय तह

कार्यक्रमम व्यवस्थापन तथा कार्यान्वयनको मूल्य जिम्मेवारी भएको यस तहको जिम्मेवारी निम्नानुसार रहेको छः

- अनौपचारिक तथा वैकल्पिक शिक्षासम्बन्धी नीति निर्माण गरी कार्यान्वयनमा ल्याउने ।
- अनौपचारिक तथा वैकल्पिक शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालनका लागि अत्यावश्यक वजेट तथा कार्यक्रम सञ्चालन गर्ने
- साक्षर पालिका घोषणा गर्ने पालिका तहमा विषेश कार्यक्रम सञ्चालन गर्ने
- स्थानीय तहमा अनौपचारिक तथा वैकल्पिक शिक्षासम्बन्धी तत्थ्याङ्क सङ्कलन तथा व्यवस्थापनलाई सुदृढ गर्ने
- समुदायगत रूपमा लक्षित समूहको पहिचान र नक्साङ्कन र आवश्यकता पहिचान ।
- वैकल्पिक विद्यालय सञ्चालनका लागि उपयुक्त समुदाय छनौट र आवश्यक पूर्वाधारको व्यवस्थापन ।
- अनुदान तथा वित्तीय सहयोगको व्यवस्था ।
- निर्धारित मापदण्ड तथा स्तरअनुसार व्यवस्थापनका लागि विद्यालयललाई सहयोग, सहजीकरण र समन्वय
- निर्धारित तहका वाह्यपरीक्षा सञ्चालन तथा व्यवस्थापन ।
- सहभागीको तहगत निरन्तरता, चक्र पूरा गर्ने स्थितिको अनुगमन ।
- सिकाइ उपलब्धि परीक्षण सञ्चालन ।

- प्रधानाध्यापक तथा सहजकर्ताहरूका लागि कार्यक्रमम कार्यान्वयन व्यवस्थापन सम्बन्धी अभिमुखीकरण
- विद्यालय स्थापना सञ्चालनको अनुमति तथा ऐच्छिक विषय निर्धारण ।
- अनौपचारिक तथा वैकल्पिक शिक्षासम्बन्धी कार्यको प्रदेश तथा सघलाई आवधिकरूपमा प्रतिवेदन पेस गर्ने
- अनौपचारिक तथा वैकल्पिक शिक्षाको निरन्तर अनुगमन तथा सुधार गर्ने
- सिकाइलाई सिप सिपलाई श्रमबजारसँग सहसम्बन्धित गराउने
- निश्चित प्रतिशत वजेट अनौपचारिक तथा वैकल्पिक शिक्षासम्बन्धी कार्यक्रम विकास तथा सञ्चालनका लागि सुनिश्चित गर्ने

*समाप्त*